मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : ४७ ★ ने. सं. ११४४ शिल्ला गा, औँसी ★ आइतबार ★ २७ फागुन, २०८० ★ March 10, 2024, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## "राजनीतिक लडाइँ शोषक र शोषित वर्गबिच हुने गर्छ"




भक्तपुर, २६ फागुन । नेपाल कर्मचारी समाजको तेस्रो राष्ट्रिय सम्मेलन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा शनिबार भक्तपुरमा सम्पन्न भयो ।

सम्मेलनको उद्घाटन गर्दै अतिथि बिजुक्छेँले राजनीतिक लडाइँ शोषक र शोषित वर्गबिच हुने गर्छ भन्नुभयो ।

उहाँले प्रहरी, सैनिक, गुप्तचर विभाग र कर्मचारीतन्त्र शासनयन्त्रको अङ्ग भएको बताउनुभयो ।

"शोषकवर्गले आफूले उपभोग गरिरहेको सुख सयल गुम्न नदिन राजनीति गर्छ, तर कामदारवर्गले शोषणरहित समाज स्थापना गर्ने उद्देश्यले राजनीति गर्छ", उहाँले स्पष्ट पार्नुभयो ।

"कर्मचारीहरूको लागि सरकारले नै आवास तथा कार्यालयमै खानाको व्यवस्था गर्ने सोच ल्याउनु आवश्यक छ । सार्वजनिक यातायातको अव्यवस्था र निजी सवारी साधनको चापले ट्राफिक व्यवस्थापनमा समस्या आइरहेकोले कार्यालय समय फरक फरक गर्नुपर्छ", अध्यक्ष रोहितले भन्नुभयो ।

शासक पार्टीका नेताहरूमा राजनीति गर्नुको उद्देश्य नै धन कमाउनु हो भन्ने गलत बुझाइ रहेको उहाँले बताउनुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, "जनतालाई इमानदार बनाउन हामीले वैचारिक सङ्घर्ष गर्नैपर्छ । हामी आलोचना र आत्मालोचना गर्नबाट भाग्नु हुँदैन । परिवर्तन सम्भव छ; तर बहुमत जनता राजनीतिकरूपमा सचेत र सङ्गठित भएमा परिवर्तन गर्न धेरै समय लाग्नेछैन ।"

असल नेतृत्वकै कारण चीन विश्वको महाशक्ति बन्न सफल भएको उदाहरण दिँदै उहाँले भन्नुभयो, "हामीले संसारको इतिहासबारे तुलनात्मक अध्ययन गर्नु आवश्यक छ । सशस्त्र सङ्घर्षको परिणाम आज चिनियाँ जनता गरिबीबाट मुक्त भएका छन् भने शान्तिपूर्वक आन्दोलन गर्दाको परिणाम आज भारतमा गरिबी बढ्दो छ ।"

कर्मचारीहरू सुसंस्कृत र व्यवहारिक हुनुका साथै ऐन कानुनबारे जानकार हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले जस्तोसुकै जिम्मेवारी आई परे पनि जिम्मेवारी सम्हाल्न तयार भएर बस्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सृजना सैंजूले कर्मचारीहरू सचेत र इमानदार भए देश नबिग्रने, सरकार कर्मचारीकै भरमा कार्य क्षेत्रमा उत्रने भएकोले कर्मचारीहरू इमानदार हुनु आवश्यक छ भन्दै कर्मचारी इमानदार भएमात्र देश अगाडि बढ्ने उल्लेख गर्नुभयो ।

देशको स्थिति भद्रगोल हुनुमा उच्चपदस्थ कर्मचारीहरू पनि उत्तिकै दोषी रहेको चर्चा गर्दै उहाँले नेपाल कर्मचारी समाजका सदस्यहरू यसतर्फ सचेत हुनु आवश्यक भएको बताउनुभयो ।

संयमित, इमानदार र इच्छाशक्ति भएका कर्मचारीकै कारण आज छिमेकी चीनले हरेक क्षेत्रमा संसारलाई नेतृत्व दिइरहेको छ भन्दै केन्द्रीय सदस्य सैंजूले चीनबाट सिक्न जरुरी रहेको बताउनुभयो ।

भ्रष्टाचारको सवालमा 'झिङ्गा र बाघलाई पनि नछोड्ने' चिनियाँ राष्ट्रपति सी चिनफिङको भनाइ स्मरण गर्दै उहाँले भ्रष्टाचार नियन्त्रणसम्बन्धी चिनियाँ


***बाँकी पृष्ठ ८ मा***


## शोषक वर्गको सरकारमा मानवता नहुने




काठमाडौँ, २६ फागुन । नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शनिबार प्रज्ञाप्रतिष्ठान भवनमा प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले कामदारवर्गलाई शिक्षाको व्यवस्था नभएसम्म राज्यमा महिला सहभागिताको औचित्य पुष्टि हुनेछैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "राजनीतिकरूपले सचेत महिलाहरूले देश र जनताको बढी सेवा गर्नसक्नेछन् । रूसका खान्दानीवर्गका छोरा बुहारीहरूले भूदास प्रथा र सामन्ती व्यवस्थाको विरोधमा सङ्घर्ष गरे भने साइबेरियाको सजाय हुँदा समेत विचलित भएनन् । क्रान्तिकारी महिलाहरूको जीवनी अध्ययन गरेर नेपाली महिलाहरूले अन्यायविरूद्ध दृढ भएर सङ्घर्ष गर्ने प्रेरणा पाउन सक्छन् ।"

उहाँले भन्नुभयो, "नेपालमा महिला राष्ट्रपति, उपप्रम र मन्त्रीहरू भए । तर, कामदारवर्गका महिलाहरूको हितमा मौलिक काम हुन सकेन । सिंहदरबारको नेतृत्व गरेका पार्टी र नेताहरू गतिला नभएको हुँदा देश र जनताको हित नभएको हो । शोषकवर्गको सरकारसँग मानवता हुँदैन । मानवता नभएको सरकारले कामदारवर्गको हित पनि हेर्दैन । कामदारवर्गको सरकार भएमात्र कामदारवर्गको सम्मान हुनेछ । पेरिस कम्युनले मन्त्री र मजदुरको तलब बराबर हुने व्यवस्था गरेको थियो ।"

सचिव सुवालले भन्नुभयो, "शोषकवर्गको सरकारले वैदेशिक रोजगारीको नाममा गरिबहरूको बेचबिखनजस्तै गर्छ । सन् १८१६ को सुगौली सन्धिलाई नेपाली युवालाई गोर्खा भर्तीको नाममा बेलायती सेनामा पठाएर पहिलो र दोस्रो विश्वयुद्धमा मराए । २००७ सालको परिवर्तनपछि भारत बस्न गएका राणाहरूको लागि नेपाली चेलीबेटी बेचबिखन सुरू भएको आज वैदेशिक रोजगारमा पठाइएका लाखौँ नेपाली महिलाहरू यौन दुर्व्यवहारको सिकार भएका छन् । खाडी मुलुकमा नेपाली महिलाहरू बेचिएको संसदीय समितिले प्रतिवेदन नै तयार गर्‍यो । तर कुनै पनि सरकारहरू नेपाली चेलीलाई वैदेशिक रोजगारीमा पठाउँदैनन् र नेपालमै रोजगारी दिन्छन् भन्न सकेनन् ।"

नेपाली महिलाहरूले समलिङ्गी विवाहजस्तो सांस्कृतिक विचलनको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्ध र अमेरिकी हतियार पठाएको इजरायली सरकारले प्यालेस्टिनी भूमि कब्जा र नरसंहारको विरोध गर्नुपर्दछ भन्नुभयो ।

"शासक दलहरूको नाम कम्युनिस्ट राखिए पनि काम मजदुर किसानविरोधी नै छ । प्रजग कोरियाको सरकारको नेतृत्व गरेको पार्टी कोरियाली मजदुर पार्टी हो । यो पार्टीको सरकारले आफ्नो जनतालाई वैदेशिक रोजगारीमा पठाउँदैन । नेपालमा कम्युनिस्ट नाम राखिएका शासक पार्टीहरू देशघाती काम गर्दै छन्", उहाँले भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले मार्च ८, लैङ्गिक मुद्दा मात्रै नभई वर्गीय मजदुर आन्दोलन, समाजवादको निम्ति सङ्घर्ष गर्ने सिलसिला रहेको र वर्गीय मुक्तिले कामदार महिला मुक्ति हुने क्लारा जेटकिनको भनाइबारे स्पस्ट पार्नुभयो ।

उहाँले सन् १९१७ को रूसी क्रान्ति सफल भएपश्चात् रुसी महिलाहरूले मताधिकार, समान ज्याला, राज्य सञ्चालनमा भूमिका, सुत्केरी बिदा, दूध बैङ्कजस्ता उपलब्धिहरू हासिल गरेकै कारण २६ वर्षकै उमेरमा रूसका भ्यालेन्टिना तेरेस्कोभा अन्तरिक्षमा पुग्ने विश्वको प्रथम महिला बन्न सफल भएको प्रस्ट्याउनुभयो ।


***बाँकी पृष्ठ ८ मा***



भक्तपुर नगरपालिका
नगर कार्यपालिकको कार्यालय
ब्यासी-२, भक्तपुर

**दादुरा-रूबेला खोप लगाउन छुटेकाहरुलाई खोप दिनेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका क्षेत्रका दादुरा–रुबेला खोप लगाउन छुट भएका ९ महिनादेखि १५ वर्षमुनिका बालबालिकाहरूका लागि मिति २०८० फागुन २४, २५, २७ र २८ गते निम्न स्वास्थ्य संस्थाहरूमा निम्नानुसार खोप लगाइने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| स्वास्थ्य संस्था | समय |
|---|---|
| १) ख्वप अस्पताल | बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म |
| २) सहरी स्वास्थ्य केन्द्र, ब्यासी | बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म |
| ३) आधारभूत स्वास्थ्य सेवा केन्द्र, सल्लाघारी | बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म |
| ४) MCH Clinic भक्तपुर अस्पताल, दूधपाटी | बिहान ९:०० बजेदेखि दिनको १:०० बजेसम्म |
| ५) सिद्धि स्मृति बाल अस्पताल, भेलुखेल | बिहान ९:०० बजेदेखि दिनको १:०० बजेसम्म |

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

**उपस्थितिको लागि अनुरोध**

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा यही २०८० फागुन २९ गतेदेखि चैत ३ गतेसम्म हुने अन्तरनगर महिला कबड्डी प्रतियोगिताको र्‍यालीसहित उद्घाटन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा सम्पूर्ण विद्यालयहरू, टीम, क्लव, पुस्तकालय, सहकारी, सङ्घ संस्थालगायत खेलप्रेमीहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम**

**मिति** : २०८० फागुन २९ गते, मङ्गलबार
**र्‍याली सुरु हुने समय** : बिहान १०:०० बजे
**र्‍याली हुने स्थान** : भ.न.पा. वडा नं. ९ दत्तात्रयबाट गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो हुँदै सहिद स्मृति खेल मैदान
**उद्घाटन हुने स्थान** : सहिद स्मृति खेल मैदान, भ.न.पा. २

# बढ्दो बसाइँसराइ नरोकिए काठमाडौँ उपत्यकामा वातावरणीय विस्फोट हुने




भक्तपुर, २६ फागुन । संगम बचत तथा ऋण सहकारी संस्थाको १३ औं अर्धवार्षिक समीक्षा कार्यक्रम शनिबार भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले कृषिको विकासको लागि सहकारी स्थापना गरिएको हो; अहिले सहकारी, निजी बैङ्क र वित्तीय संस्थाजस्तो निक्षेप जम्मा गर्ने र कर्जा दिनेमा सीमित भयो; सहकारीलाई जनकम्युनसम्म विकास गर्नु जरुरी छ भन्नुभयो । सहकारीका सदस्यहरूलाई नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'चिनियाँ जनकम्युन' पुस्तकबारे अन्तरक्रिया गराउनु आवश्यक रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "सार्वजनिक र सरकारी सम्पत्ति निजी बनाउनेहरू अर्बपति र खर्बपति भएका छन् । नेपालमा पनि अर्बपति र खर्बपति दाबी गरेकाहरू बाँसबारी छाला जुत्ता कारखाना र बालुवाटारको ललिता निवासलगायत सार्वजनिक सरकारी जग्गा, कमलपोखरी निजी बनाउनेहरू छन् । यो स्थिति उत्पन्न हुनुमा सिंहदरबारका प्रम, मन्त्री र सचिवहरू दोषी छन् ।"

उहाँले एउटा सहरको वरिपरि खेती हुनु जरुरी छ; काठमाडौँ उपत्यकामा भइरहेको बसाइँसराइ नरोकिएमा प्रलय नै हुनेछ; काठमाडौँ उपत्यकाको उर्वर भूमिमा बाहिरबाट दिनको १० हजार टिपर ढुङ्गा, गिटी, बालुवा ल्याएर छोप्ने गरिएको प्रलयलाई निम्ता गर्नु हो भन्नुभयो ।

"सहकारी संस्थाहरूले कृषिलाई आत्मनिर्भर बनाउने र सदस्यहरू आवश्यक उपभोग्य सामानहरूको उत्पादन गर्ने, स-साना घरेलु र कुटीर उद्योगहरू सञ्चालन गर्न ढिलो गर्नुहुँदैन । भारतबाट दाल, चामल, तरकारी आयात गरी नेपाली धेरै समय बाँच्ने अवस्था छैन । भारतीय एकाधिकार पुँजीले कुनै पनि बेला नाकाबन्दी गर्नसक्छ ।" उहाँले भन्नुभयो ।

उहाँले सहकारी संस्थाहरूले सदस्यका छोराछोरीहरूलाई सुसंस्कृत बनाउने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ भन्नुभयो ।

उहाँले देशको सन्तुलित विकास नहुँदा काठमाडौँ उपत्यका विश्वकै नम्बर एकको प्रदूषित सहर भएकोमा चिन्ता व्यक्त गर्दै प्रदूषणले काठमाडौँवासीहरूमा फोक्सो, क्यान्सर र मृगौलाको बिरामी बढ्दो छ भन्नुभयो ।

कार्यक्रममा सरस्वती सिंख्वालले अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलनले महिलाहरूको समान ज्याला र ८ घण्टा कामको समय निश्चित भएको बताउनुभयो ।

संस्था पूर्वअध्यक्ष रामप्रसाद सिंबजारले बचतकर्ता र ऋणको विश्वास कायम गर्नुपर्ने बताउनुभयो भने सल्लाहकार राजाराम चवालले कृषिलाई प्रथामिकता दिनुपर्ने बताउनुभयो ।

अर्का सल्लाहकार न्हुछेराम भेलेले बचत तथा ऋणबाहेक उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ भन्नुभयो भने सीताराम भ्वयद्योले सहकारी अभियानबारे चर्चा गर्नुभयो ।

समीक्षा कार्यक्रममा केपी छुस्याकी, विमल घेमोसु, बलराम नागा, सरजु फसिकव, नारायणभक्त भेले, पुण्यराज भेले र नारायणप्रसाद तमखुले पनि बोल्नुभएको थियो ।

# छिकोङ समूहको आयोजनामा महिला दिवसबारे प्रवचन कार्यक्रम



भक्तपुर, २६ फागुन । 'विश्वका कामदार महिला एक होऔँ' भन्ने मूल नाराका साथ भनपा वडा नं. ४ छिकोङ समूहको आयोजनामा ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शनिबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले श्रमको सम्मान गर्नुपर्ने आवश्यकता औँल्याउँदै महिलाहरू अगाडि बढाउनको निम्ति सम्पत्तिभन्दा शिक्षा र रोजगारलाई जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले समाजवाद र पुँजीवादबिचको भेदबारे बताउँदै समाजवादमा मात्रै कामदार महिलाहरूको मुक्ति सम्भव हुने बताउनुभयो । उहाँले भन्नुभयो, "पुँजीपतिवर्गले महिलाहरूलाई वस्तुको रूपमा प्रयोग गर्छन्, यौन शोषण गर्छन् र हत्यासमेत गर्न पछि पर्दैन ।"

"पुँजीवादी समाजमा महिलाहरू सुत्केरी भएको कारण कामबाट हटाइने हुँदा धेरै महिलाहरू बच्चासमेत जन्माउँदैनन् र एकल जीवन व्यतीत गर्छन् । कतिपय देशमा जागिर पाउनअघि ४/५ वर्षसम्म बच्चा नजन्माउने सर्तमा मञ्जुरी गर्नुपर्ने हुन्छ । महिलालाई दोस्रो दर्जाको व्यवहार गरिन्छ", उहाँले प्रस्ट पार्नुभयो ।

उहाँले महिला दिदीबहिनीहरूले बाहिरी सुन्दरताभन्दा हातमा सिपको विकास गर्नुपर्ने आवश्यकतामा जोड दिँदै नेमकिपाले सङ्ख्यालाई भन्दा गुणलाई जोड दिइरहेको बताउनुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले महिलाहरूको जीवनमा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तन नभएसम्म समाज परिवर्तन भएको मान्न नसकिने स्पष्ट पार्दै कामदारवर्गका महिलाहरू नीति निर्माण तहमा पुग्न नसकेसम्म समावेशी र समानुपातिक प्रतिनिधित्व भनेको औपचारिकतामा मात्र सीमित हुने बताउनुभयो ।

शिक्षक कृष्णगोविन्द दुवालले महिलाहरू राजनीतिकरूपले सचेत र सङ्गठित नभएसम्म समाज अगाडि बढ्न नसक्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल बक्सिङ सङ्घका गौतम सुजखु, छिकोङ प्रशिक्षक मुना बासुकलालगायतले ११४ औं महिला दिवसको अवसरमा सबैलाई शुभकामना व्यक्त गर्दै समाज अगाडि बढाउन महिला पुरूषसँगसँगै अघि बढ्नुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको कार्यक्रममा सहभागीहरूले छिकोङ शारीरिक व्यायामबाट आफूहरूको स्वास्थ्यमा सकारात्मक परिवर्तन आएको बताउनुभयो ।

# कैलालीमा नेक्रामसङ्घद्वारा जुलुस तथा सभा







कैलाली, २६ फागुन । नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली जिल्ला समितिको आयोजनामा ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शनिबार जुलुस तथा सभा लम्कीमा सम्पन्न भयो । मोतीपुर चोकबाट सुरु भएको जुलुस लम्कीबजार परिक्रमा गरी सभामा परिणत भएको थियो ।

उक्त सभामा नेमकिपाका केन्द्रीय सदस्य तथा नेक्रामसङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले कामदारवर्गका महिला र पुँजीपतिवर्गका महिलाहरूले फरक-फरक उद्देश्य राखी श्रमिक महिला दिवस मनाइरहेका छन्; पुँजीवादी पार्टीका महिला सङ्गठनहरूले कामदारवर्गका महिलाहरूलाई राजनीतिकरूपले उठ्न नदिने षड्यन्त्र गर्छन् भने नेक्रामसङ्घले कामदार वर्गका महिलाहरूको मुक्तिका लागि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहेको छ भन्नुभयो ।

"पटक-पटक सरकारमा गएर उद्योग-कलकारखाना बेच्ने, नाफाका लागि भारतबाट सामान आयात गर्ने पुँजीवादी दलका कारण नेपाली जनताले दु:ख पाइरहेका छन् । धनीवर्गका महिलाहरू सरकारको नेतृत्वमा पुगे पनि भ्रष्टाचारी, चेलीबेटी बेचबिखन गर्ने, बलात्कारी, हत्यारालाई फासीको व्यवस्था नगर्दा कामदार महिलाको सेवा हुन सकेन । भारतबाट विषादी मिसिएको तरकारी, खाद्यान्न आयात गर्न दिने सरकारको कारण क्यान्सरको जोखिम बढेको छ", उहाँले भन्नुभयो ।

लेन्डुप दोर्जेका कारण सिक्किम भारतमा विलय भयो; शासक दलहरूले गरेको देशघाती नागरिकता विधेयकको कारण नेपालको सार्वभौमिता खतरामा परेको उल्लेख गर्दै उहाँले नेपाल-भारत खुला सीमा बन्द गर्नुपर्छ; देशघाती एमसीसी र एसपीपी सम्झौता खारेज नभएसम्म नेपाली जनताले सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

हाम्रो देशमा स्कूल, कलेज, अस्पताल, उद्योग छैन तर नेताहरू भ्यु टावर बनाएर कसको सेवा गर्दै छन् ? भनी उहाँले प्रश्न गर्नुभयो । उहाँले हाम्रो देशको पानी, प्राकृतिक स्रोत-साधन हातमा लिइरहेको प्रसङ्ग उल्लेख गर्दै नेपाली जनता सचेत हुनु आवश्यक छ; अमेरिकी साम्राज्यवादको सहयोगमा इजरायलले प्यालेस्टिनमाथि गरेको जातीय नरसंहारको हामी सबै मिलेर विरोध गर्नुपर्छ भन्नुभयो ।

नेमकिपा केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पुँजीवादी व्यवस्थाका कारण व्यापक जनताले दु:ख पाइरहेको उल्लेख गर्दै भारतमा सबभन्दा बढी गरीब छन्; हामीलाई त्यस्तो व्यवस्था चाहिएको छैन, हामी समान व्यवहार हुने समाजवादको पक्षमा छौँ", भन्नुभयो ।

नेमकिपाका कैलाली अध्यक्ष रमेशकुमार रावलले कामदार महिला एक भएर अगाडि बढ्नुपर्छ; वर्ग रहेसम्म वर्गसङ्घर्ष हुने हुँदा त्यसको लागि तयार हुन महिला दिदीबहिनीहरूलाई आग्रह गर्नुभयो । दासताविरोधी अन्दोलनसँगै अगाडि बढेको महिला मुक्ति सङ्घर्षले विश्वभरि स्थान पाएको उहाँले बताउनुभयो ।

नेक्राशिसङ्घका केन्द्रीय सदस्य जंग तारामीले आफ्नो वर्ग चिनेर, आफ्नो वर्गका निम्ति सङ्घर्ष गर्नुपर्छ; साना बालबालिका र छोराछोरीलाई हामीले किन दु:ख पाइरहेका छौँ ?; त्यसको वास्तविकता बताएर सङ्घर्षशील बनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले नेक्राविसङ्घ नि:शुल्क, अनिवार्य र उत्पादन श्रमसँग जोडिएको वैज्ञानिक शिक्षाका लागि सङ्घर्षरत छ भन्नुभयो ।

कार्यक्रममा स्वास्थ्यकर्मी रविना सुवालले क्यान्सर रोगको जोखिम र रोकथामबारे जानकारी दिनुभएको थियो ।

जिल्ला अध्यक्ष लक्ष्मीकुमारी पुनको सभापतित्वमा भएको कार्यक्रममा रत्ना रावल र तारा तिरुवाले पनि बोल्नुभएको थियो । कार्यक्रममा प्रगतिशील देउडा गीत तथा नृत्य प्रस्तुत गरिएको थियो । जुलुसमा बलात्कारीलाई फाँसी दे, भ्रष्टाचारीलाई कारबाही गर, देशघाती नागरिकता विधेयक खारेज गर, सीमा अतिक्रमण बन्द गरलगायतका नाराहरू लगाइएको थियो ।

# एभरेस्ट स्कूलमा १४ औँ ओपेन डे कार्यक्रम

भक्तपुर, २६ फागुन । एभरेस्ट स्कूलले आफ्नो १४ औँ ओपेन डे कार्यक्रम शनिबार सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा आफ्नो शिक्षण विधि, कक्षा कोठाको व्यवस्थापन, शैक्षिक सामग्री, विद्यार्थीहरूको बालमैत्री वातावरण अवस्था आदिबारे अभिभावक, विद्वत्वर्ग, शिक्षासेवी शुभचिन्तकहरूलाई अवलोकन गर्न र सिर्जनात्मक सुझावका लागि खुलारूपमा आह्वान गरिएको थियो ।

नर्सरीदेखि कक्षा ३ सम्मका विद्यार्थीहरूलाई गीत, नृत्य, योगा, सङ्गीत आदिमार्फत आ-आफ्नो कला प्रस्तुत गर्ने अवसर प्रदान गरिएको थियो ।

एभरेस्ट स्कूलका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रगति विवरण, सांस्कृतिक कार्यक्रम, नानीहरूको प्रतिभा प्रस्तुतीकरण र कक्षाकोठा अवलोकनजस्ता महत्त्वपूर्ण विधाहरूमा विभाजन गरिएको थियो ।

विद्यालयको प्रगति विवरण तथा भावी कार्यक्रमबारे एभरेस्ट स्कूलका संस्थापक प्रिन्सिपल कमलादेवी अमात्य राजभण्डारीले जानकारी दिनुभयो ।

# गुल्मीका कृषक परम्परागत खेती छाडेर कफी खेतीमा

गुल्मी, २६ फागुन। गुल्मीमा परम्परागत कृषि पेसा गर्दै आएका कृषक आजभोलि कफीखेतीमा लागेका छन्। जिल्लाको मदाने गाउँपालिका-३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका कृषकले बारीमा मकै र कोदो लगाउन छोडेर कफीखेती सुरु गरेका हुन्।

यहाँका कृषकको रोजाई यतिबेला परम्परागतरूपमा उत्पादन गरिने मकै र कोदोलाई छाडेर कफीखेतीमा परेको छ। प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाले कृषकलाई व्यावसायिकरूपमा कफीखेती गर्न उत्प्रेरित गरेको हो। परियोजनाले कृषकलाई कफीको उत्पादन र महत्त्वबारे जानकारी गराउँदै खेतीका लागि अनुदान उपलब्ध गराउन सुरु गरेपछि कृषक कफीखेतीमा आकर्षित बनेका हुन्।

परम्परागत खेतीबाट बादर, बदेँल, दुम्सी तथा चराचुरुङ्गीबाट हैरानी खेप्दै आइरहेका अवस्थामा कफीखेती कृषकको लागि अन्य बाली उत्पादनको तुलनामा थप सजिलो बनेको छ।

सिर्सेनीका कृषकले समूहमार्फत गाउँमा तीनधारे कफी उत्पादन कृषक समूह गठन गरेका छन्। तीन वर्षअघि गठन भएको उक्त संस्थामार्फत यहाँका प्रत्येक घरधुरीले व्यावसायिकरूपमा कफीखेतीको सुरुआत गरेका हुन्। प्रत्येक घरमा ५० देखि दुई हजारसम्म कफीका बोट छन्। तीन वर्षअघि रोपेका बोटले फल दिन सुरु गरेपछि कृषक उत्साहित बनेका छन्।

सिर्सेनी टोरेटाका कृषक मेघलाल अर्याल यस क्षेत्रमा सबैभन्दा धेरै कफी लगाउने कृषकमध्येमा पर्नुहुन्छ। उहाँको बारी यतिबेला दुई हजारभन्दा कफीका बोटले ढपक्कै ढाकेको छ। चाँडै हुर्किएका बोटले उत्पादन दिन सुरु गरेका उहाँले बताउनुभयो।

अर्यालले भन्नुभयो, "विगतमा मकै र कोदो रोप्दै आएका बारीहरू अहिले सबै कफीले ढपक्क ढाकेका छन्। दस रोपनी जग्गामा सबै कफी लगाएको छु।" उहाँजस्तै सोही गाउँका शशिधर अर्यालले सुरुमा बिरुवा हुर्काउन समस्या परे पनि अहिले कफीखेतीले आशा जगाएको बताउनुभयो।

परियोजना गुल्मीकी प्रमुख गङ्गाकुमारी पोखेलले व्यावसायिक कफीखेतीको विस्तारका लागि कार्यालयकातर्फबाट बिरुवा, मल, सिँचाइ, छहारीका लागि नेटजालीलगायतमा अनुदान उपलब्ध गराउँदै आइएको बताउनुभयो। साथै गाउँमा कफी पाठशाला सञ्चालन गरेर कृषकलाई व्यावसायिक र प्राविधिक ज्ञान दिने गरिएको उहाँले जानकारी दिनुभयो।

जिल्लामा कफीखेतीमा कृषकको आकर्षण बढे पनि समयसमयमा देखिने गवारो, ढुसी र डढुवा सङ्क्रमणका कारण कफीका बोटमा क्षति पुग्ने गरेको कृषकले गुनासो गर्दै आएका छन्। समयमै यस्ता समस्याको समाधान गर्नसकेमा जिल्लामा व्यावसायिकरूपमा कफीखेती गर्ने कृषकको सङ्ख्यामा उल्लेखनीयरूपमा वृद्धि हुने जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोणबहादुर खत्रीले बताउनुभयो।

गुल्मीमा अहिले दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको कृषि ज्ञानकेन्द्रले जनाएको छ। जिल्लामा आर्थिक वर्ष २०७९/८० मा ३० मेट्रिकटन कफी उत्पादन भएको थियो। सोअन्तर्गत आठ टन ग्रिनविन मात्र तेस्रो मुलुकमा निर्यात भएको छ।

पछिल्लो समयमा कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्रलगायत कार्यालयका साथै स्थानीय तहले जिल्लामा रहेका कृषकलाई कफीखेतीमा लाग्न प्रेरित गर्दै आइरहेका छन्। **रासस**

# समानता, न्याय र स्वतन्त्रताको निम्ति श्रमिक महिला आन्दोलन



बाँके, २६ फागुन। नेपाल क्रान्तिकारी महिला सङ्घ बाँकेको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला जिल्ला भेला तथा प्रशिक्षण कार्यक्रम शुक्रबार भयो।

कोहलपुरमा भएको सो कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका अध्यक्ष अनुराधा थापामगरले अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलनको पृष्ठभूमिबारे जानकारी दिँदै समानता, न्याय र स्वतन्त्रताको निम्ति त्यस्तो आन्दोलन अहिले पनि आवश्यक छ भन्नुभयो।

उहाँले अरु स्वाधीन देशमाथि थिचोमिचो गर्ने संयुक्त राज्य अमेरिका संसारकै सबभन्दा बढी कैदी बन्दी भएको र हरेक दिन बलात्कार र हत्या भएको देश हो भन्नुभयो।

रुस-युक्रेन युद्ध अमेरिकाकै कारण भएको प्रस्ट पार्दै उहाँले देश-देशबिच युद्ध गराएर हतियार बिक्री गर्ने र अरु देशलाई कमजोर पार्ने अमेरिकाको लक्ष्य रहेको बताउनुभयो।

उहाँले संयुक्त राज्य अमेरिकाकै इसारा र सहयोगमा इजरायलले प्यालेस्टिनीमाथि आक्रमण गरेर प्यालेस्टिनमा ठुलो धनजनको क्षति पुऱ्याइरहेको उल्लेख गर्दै अमेरिका प्यालेस्टिन देश नै लोप गराउन चाहन्छ भन्नुभयो।

उहाँले भन्नुभयो, "प्यालेस्टिनी जनताको जीवन भयावह छ। ३० हजारभन्दा बढी प्यालेस्टिनी मरिसकेका छन्। अमेरिकाले संसारका स्वाधीन देशलाई आतङ्कित पार्दै छ।"

नेमकिपा बाँकेका अध्यक्ष बखत थापाले सन् १९१० मा भएको अन्तर्राष्ट्रिय श्रमिक महिला सम्मेलनले १९११ देखि ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाइरहेको बताउनुभयो।

श्रमिक महिलाको मुक्ति समाजवादमा मात्र हुने विचार व्यक्त गर्दै उहाँले जनताको राजनीतिक चेतना नहुँदा जनताले दुःख पाइरहेको बताउनुभयो।

नेक्रामसङ्घ बाँकेका अध्यक्ष कोपिला शाहीको सभापतित्वमा भएको सो कार्यक्रममा नेमकिपा बर्दिया अध्यक्ष हरिलाल न्यौपाने, नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, ख्वप पोलिटेक्निकका रविना सुवाल, भावना थापा, सुर्जा थापा, नारायणी चौधरी र लक्ष्मी शाहीले पनि बोल्नुभएको थियो।

कार्यक्रमको बिचबिचमा नृत्य र गीत प्रस्तुत गरिएको थियो।

भेलाले सूर्जा थापाको अध्यक्षतामा ९ सदस्यीय नेपाल क्रान्तिकारी महिला सङ्घ र भावना थापाको अध्यक्षतामा १० सदस्यीय नेक्राविसङ्घ जिल्ला समिति गठन गरेको छ।

# भाषा लोप हुँदा मेटिएको इतिहास खोजी गर्दै कुहूँ गाउँले

गलेश्वर (म्याग्दी), २६ फागुन। सिरानमा घना जङ्गल। जङ्गलको पुछारमा मालिकादेविलाई शिरमा राखेर लोप भएको खाम भाषा र मेटिएको इतिहासको झझल्को दिँदै छ म्याग्दीको कुहूँ गाउँ।

जिल्लाको मङ्गला गाउँपालिका-१ मा पर्ने यो गाउँ चिटिक्क परेको छ। प्राकृतिक सौन्दर्य र यहाँको ऐतिहासिक महत्त्वले मगर बाहुल्यगाउँमा १७ औँ शताब्दीको सुरुङमार्ग र तत्कालीन पर्वत राज्यसँग सम्बन्धित किंवदन्ती रहेका छन्। तर, यहाँका मगरसमुदायले खाम भाषा र लिपिको संरक्षण गर्न नसक्दा इतिहास मेटिएको छ।

तत्कालीन पर्वत राज्यका राजाले प्रयोग गर्ने गरेको सुरुङमार्ग भेटिएको छ। जिल्लाकै सबैभन्दा पुरानो सुरुङमार्ग भए पनि प्रचारप्रसार र पूर्वाधारको अभावमा सो सुरुङमार्ग ओझेलमा परेको छ।

बाइसेचौबिसे राज्यअन्तर्गत तत्कालीन समयमा शक्तिशाली मानिएका राजा डिम्ब मल्लले शत्रुसँग सुरक्षित रहन प्रयोग गर्ने गरेको सो सुरुङमार्गको प्रचारप्रसार गरी आवश्यक पूर्वाधारको निर्माण गर्ने हो भने इतिहासका अध्येता र पर्यटकका लागि आकर्षक गन्तव्यस्थल बन्नसक्ने प्रशस्तै सम्भावना रहेको स्थानीय बुद्धिजीवी एवं दीपशिखा मावि कुहूँका भूतपूर्व प्रधानाध्यापक भद्रबहादुर जिसीले बताउनुभयो।

उहाँका अनुसार म्याग्दीको प्रसिद्ध पर्यटकीय एवं धार्मिकस्थल मालिकाको धुरी जाने बाटोमा पर्ने सो सुरुङमार्गको लम्बाइ करिब ५० मिटर रहेको छ। पूर्व-पश्चिम फैलिएको सो सुरुङमार्गको पूर्वतिरबाट प्रवेश गरेर पश्चिमतर्फ ५० मिटरको दूरीमा रहेको मालिका मन्दिरमा निस्कन सकिन्छ।

गुफाको पूर्वतर्फ करिब ७० मिटरको दूरीमा तत्कालीन कुहूँले राजाको राजधानी रहेको थुमाको अवशेष मात्र बाँकी रहेको छ। गाउँको शिरानमा उच्च स्थानको समथर मैदानमा राजधानी थुमामा काजिला (सानो दरबार) बनाएर तत्कालीन पर्वते राजा बस्ने गर्दथे भन्ने किंवदन्ती रहेको छ। १६.२ वर्ग किमि क्षेत्रफलमा फैलिएको यो गाउँमा दुई हजार, नौ सय, ४२ जनसङ्ख्या रहेको छ। मगरको बाक्लो बस्ती रहेको कुहूँ गाउँ प्राकृतिक, ऐतिहासिक, जैविक र सांस्कृतिक सम्पदाले महत्त्वपूर्ण भए पनि भाषाको अभावमा कैयौँ सम्पदा पहिचान गर्न नसक्दा यो गाउँको इतिहास उजागर हुन नसकेको मङ्गला गाउँपालिका-१ का वडाध्यक्ष एकजित रोकाले बताउनुभयो।

"पछिल्लो समय कुहूँ पुर्ख्यौली समाजले आफ्नो भाषा र यसको इतिहासको खोजी गरिरहेको छ, मगर खाम भाषाको लिपिको पनि खोजी हुँदैछ," वडाध्यक्ष रोकाले बताउनुभयो।

मगर जातिका मगर ढुट, काइसे र खाम गरी तीन वटा भाषा प्रचलनमा रहेका रहेका छन्। म्याग्दीको कुहूँका मगरले खाम भाषा बोल्ने गरेका र अहिले त्यहाँ खाम भाषा लोप भइसकेकाले त्यस क्षेत्रको इतिहासका बारेमा धेरै कुरा बाहिर आउन नसकेको उहाँको भनाइ छ।

चिटिक्क परेको बाक्लो बस्ती, खेतीका लागि उर्वर जमिन, प्राकृतिक सुन्दरताले ऐतिहासिक महत्त्वको ठाउँ भएर पनि कुहूँ गाउँ बत्तिमुनिको अँध्यारो नियतिलाई भोग्न बाध्य भएको छ।

यहाँ रहेको १७ औँ शताब्दीको सुरुङ, मालिका देवीको किंवदन्ती, गाउँको शिरानमा रहेको जङ्गलमा रहेका जैविक सम्पदा, ऐतिहासिक पर्वत राज्यमा कुहूँले गरेको योगदान आदि विषय खाम भाषा र लिपिको अभावका कारण इतिहासको गर्भमा नै रहेका स्थानीय टेक रोकाले बताउनुभयो।

उहाँका अनुसार सुरुङ रहेको स्थानको पूर्वतर्फबाट तामाको सिक्का खसाल्ने हो भने त्यो सिक्का बजेको आवाज तीन मिनेटसम्म सुन्न सकिन्छ। सुरुङ रहेको पहराको शिरानबाट म्याग्दीका अधिकांश गाउँ, हिमशृङ्खला र वनजङ्गलको मनमोहक दृश्य देखिन्छ।

स्थानीय ज्येष्ठ नागरिकका अनुसार सो सुरुङको प्रवेश भाग मालिका मन्दिरको छेउबाट कुखुराको भाले भित्र छिराउने हो भने हालको बेनी नगरपालिका-४, सिङ्गा तातोपानीमा रहेको प्राकृतिक चिकित्सालय तातोपानी कुण्डको छेउमा रहेको ओढारबाट निस्कने गरेको किंवदन्ती रहेको छ।

सो सुरुङको भित्रितर्फको मध्यभाग दुईतिर फैलिएको छ। पूर्व-पश्चिम सिधा मार्ग रहेको छ भने सुरुङभित्र तलतिर जाने ओढार पनि रहेको बताइन्छ। सुरुङको प्रचारप्रसार गरी त्यसको ऐतिहासिक महत्त्वका बारेमा बुझाउन र देखाउनसक्ने हो भने सो स्थान म्याग्दीको आकर्षक ऐतिहासिक विरासत बोकेको पर्यटकीय स्थान हुनसक्ने स्थानीय बुद्धिजीवीको भनाइ छ। **रासस**

# ललितकला प्रदर्शनीमा युवाको आकर्षण

लुम्बिनी, २६ फागुन। बुटवल उपमहानगरपालिका-१५ सेमलारस्थित नवरत्न माध्यमिक विद्यालयमा १० कक्षामा अध्ययनरत युवराज तरामु एउटा चित्रले दिने सन्देश समाज परिवर्तनका लागि निकै महत्त्वपूर्ण हुने बताउनुहुन्छ।

बुटवलमा सञ्चालित लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनीमा अवलोकनका लागि आउनुभएका तरामुले कलाले समाजका हरेक पक्षलाई उजागर गर्ने र तथ्य स्पष्ट पर्ने भएकाले चित्रकलाको सन्देश महत्त्वपूर्ण हुने बताउनुभयो। प्रदर्शनीमा राखिएका विविधखाले चित्रकलाको अवलोकनले आफूमा पनि चित्रकलाको चासो र ज्ञान बढेको उहाँले बताउनुभयो।

बुटवलस्थित रूपन्देही उद्योग सङ्घको सभाकक्षमा यही फागुन २२ गतेदेखि आयोजना गरिएको प्रदर्शनी अवलोकनका लागि आउने दर्शक सबै तहका रहे पनि युवा तथा विद्यार्थीमा चासो र जिज्ञासा बढी देखिएको छ। बौद्धिक वर्गले विश्लेषणात्मकरूपले अध्ययन गर्ने गरेको आयोजकले जनाएको छ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान लुम्बिनी प्रदेश समन्वय समितिको आयोजनामा सञ्चालित प्रथम लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनीमा सन्देशमूलक कलाकृति राखिएका छन्।

दर्शकले हेर्दा स्पष्ट बताउन सक्नेखालका महत्त्वपूर्ण र ऐतिहासिक तस्बिर प्रदर्शनका लागि राखिएका प्रज्ञा-प्रतिष्ठान मूर्तिकला विभाग प्रमुख तथा प्रादेशिक प्रदर्शनीका संयोजक प्राज्ञ दिनेश्वर महतोले बताउनुभयो। उहाँका अनुसार हालसम्म करिब १५ हजारभन्दा बढी व्यक्तिले प्रदर्शनीको अवलोकन गरेका छन्।

प्रदर्शनीमा लुम्बिनी प्रदेशका एक सय २४ कलाकारबाट निर्मित दुई सय कलाकृति राखिएका संयोजक महतोले बताउनुभयो। अवलोकनका लागि आउने हरेकले कलाकृति हेर्दै सकारात्मक प्रतिक्रिया तथा सुझाव दिएका उहाँको भनाइ छ।

संयोजक महतोले दर्शकले ललितकला प्रदर्शनी मानव सभ्यता र विकासका लागि अति महत्त्वपूर्ण भएकाले स्थानीय, प्रदेश र सङ्घ सरकारले सङ्ग्रहालय बनाउनुपर्ने सुझाव दिनुभयो।

प्रदर्शनीमा कवि गोष्ठी तथा कलासम्बन्धी अन्तर्क्रिया, विद्यालयस्तरीय चित्रकला कार्यशाला एवं प्रदर्शनी, विद्यार्थीबिच मूर्ति बनाउने प्रत्यक्ष प्रस्तुतीकरण पनि गरिएको थियो। यस्ता खालका प्रदर्शनीले पढ्ने विद्यार्थी र कलासम्बन्धी खोज अनुसन्धान तथा जिज्ञासा राख्नेलाई लाभदायी र प्रेरणायोग्य हुने प्रदर्शनीका सहआयोजक तथा नेपाल व्यावसायिक कलाकार सङ्घ रूपन्देहीका अध्यक्ष दिलीप रसाइलीले बताउनुभयो।

यस्ता प्रदर्शनीले यस क्षेत्रको कलाको संरक्षण, प्रवर्द्धन, प्रचारप्रसार गर्नुका साथै कलाकारको सम्मान पनि हुने प्रदेश समन्वय समितिका सदस्य सचिव एचबी रम्तेलले बताउनुभयो। उहाँले प्रतिष्ठानले सातै प्रदेशमा ललितकलाको प्रदर्शन गरेको भन्दै प्रादेशिक प्रदर्शनबाट छनोट भएका कलाकृतिलाई राष्ट्रिय ललितकला प्रतिष्ठानमा समावेश गरिने जानकारी दिनुभयो।

# उत्पादनले बजार नपाउँदा महिला उद्यमी मर्कामा

ढोरपाटन (बागलुङ), २६ फागुन। बागलुङको तमानखोला गाउँपालिका-३ तमान गाउँका १५ जना उत्साहित महिला मिलेर ढाका उद्योग सञ्चालन गर्नुभयो। उहाँहरूले निरन्तर ढाका बुन्न थाल्नुभयो तर आफ्ना उत्पादनले बजार नपाउँदा अहिले निरास बन्नुभएको छ।

उत्पादित ढाकाले गोदाम भरिँदै गए पनि माग निकै कम हुने गरेको छ। ती सामग्री बेच्न उहाँहरू कहिले बुर्तिबाङ बजार त कहिले म्याग्दीसम्म पुग्नुहुन्छ। लाखौँको लगानीका सामग्री गोदाममै थन्किएका उहाँहरूको गुनासो छ। तमान गाउँको कल्याण आमासमूहले सञ्चालन गरेको उद्योगमा हाल १५ जना महिला आबद्ध हुनुहुन्छ। विसं २०७५ मा सङ्गम परामर्श केन्द्र बागलुङले १५ दिने प्रशिक्षण दिएपछि उहाँहरूले उद्योग सञ्चालन गर्नुभएको हो। प्रारम्भमा रु. ४५ हजार लगानीमा सुरु गरिएको उद्योगबाट अहिले करिब रु. सात लाखको सामग्री तयार भएका छन्। आफ्ना उत्पादनले बजार नपाउँदा आफैँले बोकेर ग्राहक खोज्दै हिँड्नुपर्ने बाध्यता भएको समूहकी अध्यक्ष टीकादेवी बुढा घर्तीले राससलाई बताउनुभयो।

उद्योगबाट ढाकाको सल, टोपी, लुङ्गी, दोसल्ला, खादालगायत सामग्री उत्पादन गर्ने गरेको उहाँको भनाइ छ। विगतको तुलनामा उत्पादनले बजार पाए पनि सोचेअनुसारको नहुँदा समस्या भएको घर्तीले बताउनुभयो। बिहान बेलुका घरका कामधन्दा गर्ने र दिउँसोको समय निकालेर उद्योगमा काम गर्दै आएको भन्दै उत्पादनले बजार नपाउँदा दुःख लाग्ने घर्ती बताउनुहुन्छ। उद्योगमा एक जनाले महिनाको ३५/४० हजारको सामग्री तयार गर्ने गरेको सुनाउँदै बिक्री नहुँदा एक हजार पनि कमाउन मुस्किलपर्ने उहाँले गुनासो गर्नुभयो।

उहाँले भन्नुभयो, "फुर्सदको समयमा काम गर्छौं राम्रो बजार हुन्थ्यो भने पूरै समय दिएर काम गर्ने थियौँ, तर समय निकालेर काम गर्दा पनि धेरै कपडाहरू बनाएका छौँ, एक जनाले हजारौँको काम गर्छौं, तर बिक्री नहुँदा कहिले त एक हजार पनि पाउन मुस्किल छ। सामानले कोठा भरिएका छन्, कहिलेकाहीँ नजिकैका ग्राहकहरू आएर सामान लैजानुहुन्छ, टाढाबाट भने आउनुहुन्न, बजार पाउन गाह्रो भएको छ।"

समूहमा काम गर्दै आउनुभएकी जुनमाया घर्तीमगरले सुरुमा निकै उत्साहित भएर काम गरेको भन्दै अहिले उत्पादनले बजार नपाउँदा जाँगर मर्दै गएको बताउनुभयो। आफूहरू बिस्तारै राम्रो हुँदै जानेमा आशावादी भने रहेको उहाँको भनाइ छ। समयसमयमा गाउँपालिकाले प्रयोजनका लागि खरिद गरेर प्रोत्साहन गरे पनि बजारीकरणका लागि पहल हुन नसकेको उहाँले बताउनुभयो। सरकारले बजारीकरणको व्यवस्थापन गरिदिए अझै धेरै महिलाले यसबाट स्वरोजगार हुने उहाँ बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "गाउँमा घुम्न आउनेले राम्रो लागेर टोपी, लुङ्गी, खादा र दोसल्ला किनेर लैजानुहुन्छ तर सोचेअनुसार बिक्री भएको छैन। समय मिलाएर हामी बजारमा पुग्छौँ, गाउँमा जान्छौँ, मेलापर्वमा अलिअलि बिक्री हुन्छ, बजारको मात्रै समस्या छ, अरु सबै हामीले मिलाएका छौँ।"

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले महिला उद्यमीलाई मेसिनलगायत अन्य सहयोग गरिएको भन्दै बजारीकरणका लागि पहल थालेको बताउनुभयो। समयसमयमा महिला उद्यमीहरूलाई प्रोत्साहन गर्दै आएको भन्दै उहाँले गाउँदेखि सहरसम्म आयातीत सामानको बढ्दो प्रयोगले स्थानीयस्तरमा उत्पादित वस्तुले बजार नपाएको बताउनुभयो। उद्यमीलाई बजार खोज्दै हिँड्नुपर्ने बाध्यताको अन्त्य गर्ने उहाँ बताउनुहुन्छ।

। सम्पादकीय ।

# कर्मचारी देश र जनताप्रति जिम्मेवार हुनु आवश्यक

वर्गमा विभाजित समाजमा कर्मचारी पनि विभाजित हुनु स्वाभाविक हो । एक थरी कर्मचारीहरू इमानदारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्छन्, देशभक्त र परिवर्तनकामी हुन्छन् भने अर्को थरी कर्मचारीहरू यथास्थितिवादी हुन्छन्, देश र जनताको विषयमा वास्ता गर्दैनन् या चिन्तनमनन गर्दैनन् । देश बिग्रे पनि नबिग्रे पनि मतलब नराख्ने कर्मचारी र देशलाई आघात पर्दा, देशविरोधी ऐन कानुन बन्दा, देशघाती सन्धि सम्झौता गर्दा खबरदारी गर्ने कर्मचारीहरू पनि छन् । शासक या प्रशासकहरूलाई गलत सल्लाह दिने, फसाउने, झगडा गराउने, कमिसन र भ्रष्टाचार गर्न र गराउने तथा कसैले गर्न खोजेमा खबरदारी गर्ने र आफूबाट त्यस अपराधबाट अलग्ग रहेर काम गर्ने असल कर्मचारीहरू पनि हाम्रै समाजमा छन् । स्थानीयदेखि मन्त्रालय र गाउँदेखि केन्द्रसम्म नै यस्ता असल र खराब चरित्रका कर्मचारीहरू छन् ।

देशभरिका सबै कर्मचारीहरू इमानदार भएमा, सबैले आ–आफ्नो कर्तव्य पालना गरेमा र पदअनुसारको काम गरेमा देशमा धेरै हदसम्म भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती हट्छ र लक्ष्यअनुसारको विकास पनि यथासमयमा हुन्छ । गलत काम गर्ने, अनियमितता गर्ने र भ्रष्टाचार गराउने काममा संलग्न अधिकांश उच्चपदस्थ कर्मचारीहरू सत्तारुढ दल या ठुला दलमा आबद्ध देखिएका छन् । पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाउने, आफूले पनि भागबन्डा पाउन शासक या मन्त्रीहरूलाई अनियमित काममा संलग्न गराउने या पाठ सिकाउने काम मन सफा नभएका कर्मचारीहरूले नै गर्छन् । देशमा त्यस्ता धेरै कर्मचारी भएकाले पनि देशमा भ्रष्टाचार र अनियमितता बढी भएको हो; देश भ्रष्टाचारको सूचीमा परेको हो । जहिलेसम्म देशभर इमानदार र स्वच्छ छविका कर्मचारीहरू हुँदैनन् तहिलेसम्म भ्रष्टाचार, चुहावट र अनियमितता भइरहन्छ । जहिलेसम्म शासक र ठुला दलका नेताहरू गम्भीर, सचेत र जिम्मेवार हुँदैनन् तहिलेसम्म कर्मचारीहरू पनि सही ठाउँमा आउँदैनन् ।

कुनै कर्मचारी जब अविवेकी हुन्छ, देश र जनताको मतलब राख्दैन तब उनीहरूको विचार दूषित हुन्छ । दूषित विचारको कर्मचारीले हुने नहुने काम गर्न पछि पर्दैन । गलत काम गर्ने व्यक्ति असलमा गनिँदैन । यसकारण, कर्मचारीले चरित्रको ख्याल गर्नुपर्छ । आफूले काम गरेको सङ्घ संस्थामा आफू उदाहरणीय बन्नुपर्छ । आफ्नो संस्था र संस्थानमा आबद्ध व्यक्ति या जनताको विश्वास जित्नुपर्छ । खराब, घुस्याहा, चरित्रहीन, गाजा, चरेस, रक्सी खाने, काममा ढिलासुस्ती गर्ने, काममा आएका जनतालाई झपार्ने, काममा बेवास्ता गर्ने कर्मचारीलाई जनताले विश्वास गर्ने छैनन् । खराब काम गर्ने कर्मचारीहरू जनतासामु घृणित हुन्छन् । जनता पनि त्यस्ता कर्मचारीलाई थुक्छन् । यसकारण, कर्मचारीहरू जो जहाँ छन् तत्तत् स्थानमा इमानदारीपूर्वक आ–आफ्नो कर्तव्य पालना गर्नुपर्छ । आफू इमानदार, उत्तरदायी, जिम्मेवार, देशभक्त, अनुशासित, योग्य र स्वच्छ छविको हुनुपर्छ ।

आज देशमा असल नेता, असल मन्त्री, असल सांसद, असल जनप्रतिनिधि, असल कार्यकर्ता, असल कर्मचारीको खाँचो छ । असल कर्मचारी रहेको संस्थामा भ्रष्टाचार हुनेछैन, अनियमितता हुनेछैन । असल स्वच्छ र इमानदार कर्मचारीहरू लागूऔषधमा फस्ने छैनन्, दुर्व्यसनीमा फस्ने छैनन् । असल कर्मचारीहरू भ्रष्टाचारी, जालीफटाहा, ठग, अपराधीहरूको जालमा फस्ने छैनन्, तिनीहरूको वरिपरि घुमिरहने छैनन् । उनीहरू पदको दुरुपयोग गरी जसरी भए पनि कमाउने बानीमा पर्दैनन् । देशलाई सही दिशामा लान सही विचार आवश्यक हुन्छ । असल, इमानदार कर्मचारीहरू जनतामाझ भिज्छन् र देश र समाजप्रति पनि जिम्मेवार हुन्छन् । उनीहरू सङ्कीर्ण विचारका हुँदैनन्, फराकिलो मनका हुन्छन्; आफ्नो जिम्मेवारीबाट पछि हट्दैनन्; जीवनमा दाग लाग्ने, अरुले थुक्ने खालको काम गर्दैनन् । जनताप्रति सद्भाव, सहानुभूति राख्ने, जनताको पीडा र समस्या बुझ्ने, आपत्विपत्मा सघाउने, सामाजिक रुढीवादी र अन्धविश्वास चिर्दै समाज परिवर्तनको बाटोमा लाग्ने कर्मचारीको आवश्यकता छ ।

# सरकारी पदाधिकारीहरूको विदेश भ्रमणलाई देश हितको निम्ति कसरी उपयोगी बनाउने ?

✍ **केशरी**

केही समयअघिको कुरा हो, रुसी राष्ट्रपति एकैदिनमा दुई मुलुक संयुक्त अरब इमिरेट्स र साउदी अरबको भ्रमण गरी स्वदेश फर्केर भोलिपल्ट इरानको राष्ट्रपतिलाई स्वागत गर्न भ्याए । आ–आफ्नो देश हितको कुरा हो; उत्तर कोरियाका नेता किम जोङ उन रुस भ्रमणताका आफ्नो देशको आवश्यकताअनुसार रसियन लडाकु विमानको निरीक्षण गरे । चिनियाँ राष्ट्रपतिले ४ दिनमा ३ वटा अरब मुलुकको भ्रमण गरे । देशको स्वार्थ, राजनीतिक स्वार्थ र वैचारिक स्वार्थलाई नै सर्वोपरि राखेर यी नेताहरूले विदेश भ्रमण गर्छन्; सहरको सयर गर्ने वा सामान किन्न (सपिङ) गर्नको निम्ति विदेश भ्रमण गर्दैनन् ।

हाम्रा राष्ट्रपति र प्रधानमन्त्रीलगायत उच्च सरकारी पदाधिकारहरूका विदेश भ्रमण भनी देश हितभन्दा पनि सपिङ गर्ने, झरना अवलोकन गर्ने, सहर सयर गर्नेजस्ता पूरै मनोरञ्जनको रूपमा लिन्छन् । तत्कालीन राष्ट्रपति विद्यादेवी माइती गएजस्तै १० दिने चीन भ्रमण गरेकी थिइन् । तर चीनका राष्ट्रपति नेपाल आउँदा २० घण्टाभन्दा कम समय बिताए । अहिलेको हाम्रा प्रधानमन्त्री प्रचण्डले त एउटै विदेश भ्रमणमा १४ दिन आफ्नो छोरीसँग देश बाहिर बिताएका थिए । छोरीसँग प्रचण्डले चीनमा मानसरोवर अवलोकन गरेर आए । हाम्रा देशका जनतामात्र फुर्सदिला होइनन् प्रधानमन्त्रीसमेत फुर्सदिला छन् । संसारका राष्ट्र प्रमुखहरूले यत्रो दिन विदेश भ्रमणमा बिताएको घटना सायदै होला । नेपालका सरकारी पदाधिकारी विदेश जान तँछाडमछाड नै गर्ने गर्छन् । सरकारको प्रतिनिधित्व गरी जाने पदाधिकारी विदेशमा देशको हितको लागि के बोल्ने र कसरी विदेशीसँग वार्ता गर्ने भन्ने सम्बन्धमा खासै गृह कार्य नभएको भन्ने भनाइ यदाकदा सुनिन्छ ।

कुनै पनि मुलुकको प्रतिनिधि भएर विदेश भ्रमण गर्नु भनेको विदेशी सरकार प्रमुखहरूसँग वार्ता वा छलफल गर्नु नै हो । वार्तामा आफ्नो देशले अर्को देशसँग विशेष मुद्दालाई सम्बोधन गर्ने तयारी गरिरहँदा धेरै कुराहरू ध्यानमा राख्नु नै हुन्छ । कूटनीतिक वार्तालाई सफलतापूर्वक निर्क्योलमा पुऱ्याउन पूर्ण गृहकार्य आवश्यक हुन्छ । राष्ट्रहरूबिचको कूटनीतिक वार्ताको सन्दर्भमा वार्ताको टेबुलमा आफ्ना उद्देश्यहरू प्राप्त गर्नको लागि राम्रोसँग तयारी र रणनीतिकरूपमा सुनिश्चित गर्न गृहकार्य महत्त्वपूर्ण हुन्छ । यसले राष्ट्रिय हितको पहिचान गर्ने, अर्को पक्षको मूल्याङ्कन गर्ने, रणनीति बनाउने र आकस्मिक परिस्थितिको लागि तयारी गर्ने आधार प्रदान गर्छ । यसमा वार्ताको क्रममा पार गर्न नसकिने सिमा रेखाहरू पनि पहिचान गर्नुपर्दछ । सम्भावित सम्झौताहरूको अल्पकालीन र दीर्घकालीन प्रभावहरूलाई ध्यान दिनुपर्छ । मुद्दाबाट प्रभावित हुनसक्ने सम्भावित सरोकारवालाहरूलाई पहिचान गरेर दृष्टिकोण र विशेषज्ञता सङ्कलन गर्न उनीहरूसँग परामर्श गर्नुपर्छ ।

कूटनीतिक वार्ताको समयमा एउटा देशले अर्को देशलाई धोका दिएका धेरै घटनाहरू छन् । नेपाल यसबाट अछुतो छैन । नेपाल र भारतबिच कोसी सम्झौता हुँदा नेपाल ठगिएको परिणाम अहिलेसम्म नेपालले भोग्दै छ । सम्बन्धित मुद्दाको बारेमा बढी जानकारी नहुँदा यस्तो हुन्छ । राम्रो जानकारी भएको देशले आफ्नो फाइदा हुने गरी वार्तालाई मोड्न सक्छ । त्यसैले सरकारको प्रतिनिधि भएर जाने पदाधिकारीहरू सम्बन्धित विषयका ज्ञाता हुनु आवश्यक छ, तर हाम्रो देशको सरकारी विदेश भ्रमणलाई प्रस्टरूपमा मनोरञ्जनको लागि बिदा मनाउन जानेजस्तो गरी तयारी गर्छन् । डलरको जोहो गर्ने, सपिङ लिस्ट बनाउने नै भ्रमणको तयारीको रूपमा लिन्छन् । यदि आर्थिक, सैन्य वा राजनीतिक रूपमा शक्तिशाली देशसँग वार्ता गर्नु छ भने झनै ठुलो गृहकार्यको आवश्यकता हुन्छ । हाम्रो देशको सन्दर्भमा भारत हामीभन्दा हरेक पक्षमा शक्तिशाली छ । त्यसैले भारतले हाम्रो देशमा अनावश्यक दबाब वा लाभ लिने प्रयासस्वरूप असमान सम्झौतालाई निम्त्याउँछ । वार्तामा फाइदा लिनको लागि गलत प्रस्तुति, जानकारी लुकाउने वा झूटा वाचाहरू गर्नेजस्ता भ्रामक रणनीति अपनाएको हुन्छ । जलस्रोतलाई उपयोग गर्ने सन्दर्भमा भारतसँग हुने हरेक वार्तामा नेपाल ठगिनुको प्रमुख कारण सम्बन्धित मुद्दाका विज्ञहरूबिच गृहकार्यको अभाव नै हो ।

कूटनीतिक वार्तामा विश्वास अपरिहार्य हुँदाहुँदै पनि विश्वासघात हुने सम्भावनालाई पनि ध्यान दिनुपर्ने जानकारहरू बताउँछन् । यदि एक देशले सम्झौता वा बाचा तोडेर अर्को देशको विश्वासलाई हनन गर्छ भने यस व्यवहारले दुई देशको सम्बन्धलाई चिसो पार्छ आ–आफ्ना लुकेका एजेन्डाहरू वार्ताको क्रममा खुलासा हुँदैनन् । यी एजेन्डाहरू सम्झौता भइसकेपछि प्रकाशमा आउँदा ढिलो भइसकेको हुन्छ । यसको ज्वलन्त उदाहरणको रूपमा रुस–युक्रनबिच भएको सम्झौतालाई लिन सकिन्छ । युक्रेनले बेलायत र अमेरिकासँगको गोप्य वार्तापछि युक्रेन सम्झौताबाट पछि हट्यो जसको परिणाम सबैको सामु छ । यहाँनिर युक्रेन पश्चिमी राष्ट्रसँग गोप्य वार्तासँगसँगै युक्रेनमा हतियार भित्रिरहेको जानकारी रुसले थाहा नपाउँदा युद्धको सुरुवाती चरणमा रुस अप्ठेरो स्थितिमा परेको थियो ।

एउटा देशले अर्को देशको स्थिति, प्राथमिकता र आन्तरिक गतिशीलतामा अन्तरदृष्टिको प्रयोग गरेर अर्को देशसँगको वार्तामा फाइदा लिन सक्छ । अनुकूल परिणाम प्राप्तिको निम्ति रणनीतिक योजना हुनुपर्छ । यसको निम्ति बलियो गुप्तचरको भूमिका महत्त्वपूर्ण हुन्छ । संवेदनशील जानकारी हात पारेर देशलाई सूचनाको प्रवाहलाई सजिलो बनाएर वार्ताका क्रममा रणनीतिक फाइदा हासिल गर्न सहयोग गर्छ । त्यसैले कुनै पनि मुलुकसँग हुने वार्ताबाट देश हित हुने गरी परिणाम ल्याउनमा गुप्तचरको पनि ठुलो भूमिका हुन्छ । तर, हाम्रो देशको गुप्तचरको सन्दर्भमा यो तहको गुप्तचरी कार्य भएको कम थाहा हुन्छ । उल्टै हाम्रा प्रधानमन्त्री भारत भ्रमणमा हुँदा भारतीय गुप्तचरको निम्ति काम गर्ने मान्छेहरू नै भ्रमण दलमा सामेल भएको बताइन्छ ।

कूटनीतिको क्षेत्रमा रहेका यी सबै सत्यतथ्यलाई बुझ्दा नेपाल सरकारको प्रतिनिधिको रूपमा विदेश भ्रमणलाई देश हितमा मोड्नको लागि कमसेकम यस्तो एउटा कानुन बनाउनु आवश्यक छ जसले सरकारी भ्रमणमा संलग्न हुने प्रधानमन्त्री, मन्त्रीदेखि लिएर पदाधिकारीसम्म पनि विदेश भ्रमणलाई मनोरञ्जन गर्न बिदा मनाउने रूपमा लिन नपाऊन् । सरकारी प्रतिनिधिको रूपमा विदेश भ्रमण गर्दा एक सिन्को पनि सामान ल्याउन नपाउने कानुनमै व्यवस्था हुनुपर्छ । किनभने, विदेश भ्रमणमा हुँदा यिनीहरूको पूरा ध्यान विदेशीसँगको वार्तामा बस्दा देश हितको बारेमा मात्र सोच्न बाध्य होस्, सपिङको लिस्ट बनाउँदा बनाउँदै आफ्नो जिम्मेवारी नै नबिर्सोस् । तर, रातो पासपोर्टको दुरुपयोग गर्ने सांसदको जमातले यस्तो कानुन बनाउला भन्नेमा शङ्का नै छ ।

# मुनरो सिद्धान्त : दोषी साम्राज्यवादको दुई शताब्दी

✍ **हेन्ज डाइटेरिच**

सन् १८२३ मा यसको स्थापना भएदेखि नै मुनरो सिद्धान्त ल्याटिन अमेरिकातर्फ संयुक्त राज्य अमेरिकाको विदेश नीतिलाई मार्गदर्शन गर्ने वैचारिक अभिव्यक्ति भएको छ । यसको आन्तरिक प्रकृतिले यस क्षेत्रमा अमेरिकी विस्तार र प्रभुत्वको साधनको रूपमा काम गरेको छ ।

संयुक्त राज्य अमेरिकाको स्वतन्त्रताको प्रारम्भिक वर्षदेखि, मुनरो सिद्धान्त एक मार्गदर्शक सिद्धान्तको रूपमा देखापऱ्यो । अङ्ग्रेज राजतन्त्रविरुद्धको युद्धपछि उत्तर अमेरिकी देशले विस्तारवादी दृष्टिकोण अपनायो । सुरुमा क्यानाडामा हस्तक्षेप गऱ्यो र पछि ल्याटिन अमेरिका र क्यारिबियाली क्षेत्रमा आफ्नो प्रभाव विस्तार गऱ्यो ।

यही बिन्दुबाट सबै ल्याटिन अमेरिकामाथि शोषण कायम राख्नको लागि हस्तक्षेप, सैन्य विद्रोह र राजनीतिक हत्याको अन्तहीन श्रृङ्खला सुरु हुन्छ ।

मुनरो सिद्धान्त मूलत: राज्य डकैती नीतिको औपचारिक अभिव्यक्ति हो । अरू देशको सम्पत्तिको विनियोजन, यसलाई प्राप्त गर्न रगत बगाउन आवश्यक भए पनि कुनै अप्ठ्यारो मान्दैन । यी दुई शताब्दीमा, अन्तर्राष्ट्रिय कानुनलाई बेवास्ता गर्दै र यस क्षेत्रमा अमेरिकी सर्वोच्चता सुनिश्चित गर्ने नियतले साम्राज्यवादी रणनीतिहरूको एक श्रृङ्खला जारी गर्दै यो सिद्धान्त यो ल्याटिन अमेरिकाको स्वायत्त विकासको लागि निरन्तर बाधा बनेको छ ।

हालैका दशकहरूमा, हामीले ल्याटिन अमेरिकी र विश्वव्यापी राजनीतिमा हस्तक्षेप गर्न संयुक्त राज्य अमेरिकाले प्रयोग गर्ने तरिकाहरूमा परिवर्तनहरू देखेका छौँ । ल्याटिन अमेरिकी देशहरूमा वासिङ्टनको प्रचारले राष्ट्रिय सुरक्षाको राज्य भनिने तानाशाह राज्य आतङ्कवादको उदयपछि पहिले लोकतन्त्र र सामाजिक कल्याणको वकालत गर्ने संरा अमेरिकाले ल्याटिन अमेरिकामा प्रजातन्त्रीकरण र स्वायत्त विकासको कुनै पनि प्रयासलाई दबाउनको लागि एउटा उपकरण बनायो ।

१९९० को दशकमा 'रङ्गीन क्रान्ति' मा सङ्क्रमणले मोनरो सिद्धान्तको प्रयोगमा नयाँ चरणलाई चिन्हित गर्यो । यी घटनाहरू, वर्षौंअघि चिलीमा साल्भाडोर एऐन्डेको मामलाजस्तै अमेरिकी हितहरूसँग नमिल्ने सरकारहरू परिवर्तन गर्न सैन्य रणनीतिहरूसँग लोकप्रिय विद्रोहहरू संयोजन गर्दछ । यद्यपि, परम्परागत सैन्य विद्रोहको तुलनामा कम 'चमकदार' भए पनि, यी रङ्गीन क्रान्तिहरूले स्वतन्त्र सरकारहरूलाई पराजित गर्न समानरूपमा प्रभावकारी साबित भएका छन् ।

ल्याटिन अमेरिकाको लागि मोनरो सिद्धान्तको खतराहरूको मूल्याङ्कन गर्दा, यो स्पष्ट छ कि यसको ऐतिहासिक दृढताले यस क्षेत्रको प्रगति र स्वायत्त विकासलाई व्यवस्थितरूपमा बाधा पुऱ्याएको छ । तर, वैकल्पिक शक्तिका रूपमा चीन, रुस र अन्य मुलुकको उदयले नयाँ आशा जगाएको छ ।

उदाहरणको लागि लामो समयसम्म सीमितताको बाबजुद चीनले ल्याटिन अमेरिकाको लागि व्यापार र विकासको सन्दर्भमा फरक विकल्प प्रदान गरेको छ । त्यसले अमेरिकी उपनिवेशवादमा महादेशको ऐतिहासिक निर्भरताको विकल्प प्रदान गरेको छ ।

संसारमा मुनरो सिद्धान्तको अप्रत्यक्ष प्रभावको सन्दर्भमा, यसले मुक्ति, विशेषगरी समाजवादका लागि रणनीतिक विकल्पहरूलाई कसरी दबाएको छ भनेर ध्यान दिन महत्त्वपूर्ण छ । उदार लोकतन्त्र विचारधाराको विश्वव्यापी विस्तारले अन्य देशहरूमा अमेरिकी प्रभुत्वलाई वैधानिकता दिएको छ र प्रभावकारी वैचारिक नियन्त्रणमार्फत प्रतिरोधलाई कमजोर बनाएको छ । जनसमुदायको यो 'लोबोटोमाइजेसन' ले साम्राज्यवादी देशहरूको पक्षमा रहेको अन्तर्राष्ट्रिय व्यवस्थालाई स्वीकार गरी टेवा दिएको छ ।

अमेरिकी हस्तक्षेपवादी र विस्तारवादी उपकरणको भविष्यलाई हेर्दा ल्याटिन अमेरिकामा सामाजिक लोकतान्त्रिक विकासको कुनै पनि प्रयासलाई नष्ट गर्ने वाशिङ्टनको दुष्प्रयासको निरन्तरता देखिन्छ । प्रतिरोध गर्ने मेक्सिको, निकारागुआ, भेनेजुयला र क्युवाजस्ता देशहरूबाहेक यस क्षेत्रमा वाशिङ्टनको नियन्त्रणको पुन:स्थापना भइरहेको देखिन्छ ।

मुनरो सिद्धान्तविरुद्धको सङ्घर्ष ल्याटिन अमेरिकामा व्यापक चेतना अभियानमा निर्भर हुनेछ, जसलाई चीन, रुस र वाशिङ्टन र यसका सहयोगीहरूको सामान्य एकपक्षीयतालाई चुनौती दिने विश्वव्यापी शक्तिका अन्य केन्द्रहरूसँगको बलियो सहयोगले समर्थन गर्दछ ।

सहयोगमा केन्द्रित अन्तर्राष्ट्रिय सम्बन्ध स्थापना गर्ने चीनको प्रस्ताव एकमात्र व्यवहारिक विकल्प हो । मुनरो सिद्धान्तको भविष्य यसको निरन्तरता वा विलुप्त हुनेमा निर्भर हुनेछ, साम्राज्यवाद र उदीयमान शक्तिहरूले प्रस्ताव गरेको खुलापनको नतिजामा निर्भर गर्दै यो सिद्धान्त पश्चिमी गोलार्द्धमा सीमित छ वा विश्वव्यापी खतराको रूपमा रहन्छ कि भनेर पुष्टि गर्दछ ।

निरन्तर विकसित यस संसारमा ल्याटिन अमेरिकाले मुनरो सिद्धान्तले लगाएको ऐतिहासिक बन्धनहरूबाट आफ्नो स्वायत्त विकास र मुक्तिलाई प्रवर्द्धन गर्ने गठबन्धन र साझेदारीहरू खोज्ने र सुदृढीकरण गर्न आवश्यक छ । यस चुनौतीको सामनाका लागि यस क्षेत्रले मुनरो सिद्धान्तको छायाभन्दा पर हेर्नसक्नुपर्छ र एउटा भविष्यतर्फको बाटो खोज्नुपर्छ जहाँ आत्मनिर्णय र अन्तर्राष्ट्रिय सहयोग सदा साम्राज्यवादमाथि विजयी हुनेछ । ल्याटिन अमेरिकाले आत्मनिर्णय र अन्तर्राष्ट्रिय सहयोग प्रबल हुने भविष्यतर्फको बाटो बनाउनुपर्छ ।

*– 'टेलेसुर अङ्ग्रेजी' बाट*

*अनुवाद : प्रकाश*

### भियतनाम यात्रा - ५

# विश्व पर्यटनको नयाँ गन्तव्य

✍ योगेन्द्रमान बिजुक्छेँ

*सन् २००८ मा रिपब्लिकन पार्टीका उम्मेदवार भई अमेरिकी राष्ट्रपति चुनावमा डेमोक्रायट् उम्मेदवार बाराक ओबामाबाट हराइएका व्यक्ति जोन म्याकेन नै ती पाइलट थिए। म्याकेनको देहावसान सन् २०१८ भएको थियो। आज त्रुक बेक तालको एक किनारमा जोन म्याकेनको सम्झनामा एउटा स्मृति शिला राखिएको छ जसमा अमेरिकी नेताहरू वा राष्ट्रपतिहरूको भ्रमण भियतनाममा हुने बेला त्यस स्मृति शिलामा श्रद्धासुमन अर्पण गर्ने गरिन्छ।*



*हनोई अन्तर्राष्ट्रिय विमान स्थलमा राखिएका सरकारी स्वामित्वका भियतनाम एअरलाइन्सका जहाजहरू ।*

**पर्यटन क्षेत्रलाई पनि जोड**

भियतनाम आकारमा विशाल नभए पनि प्राकृतिकरूपमा सुन्दर देश हो। अङ्ग्रेजी अक्षरको S आकारमा उत्तर दक्षिण फैलिएको देशमा समुद्री किनारका मैदानी फाँट र होचा डाँडादेखि अग्ला पहाडसम्मका विविध भूस्वरूप छ, उष्णीय जङ्गल र विशाल बाँसघारीहरू, स्थानीय पहाडबाट मैदानी भागमा झर्दै गर्ने साना खोल्साखोल्सीदेखि चीनको तिब्बत र हिमालबाट बग्दै आउने विशाल नदीहरू र त्यसका शाखा प्रशाखाले सिञ्चित विशाल उर्वर फाँटमा विकास भएको प्राचीन मानव सभ्यता, विविध भूस्वरूपमा विकास भएको सभ्यताले भियतनामलाई सांस्कृतिकरूपमा पनि धनी तुल्याएको छ। दक्षिण-पूर्वी एसियामा इन्डोनेसियापछि युनेस्कोको विश्व सम्पदा सूचीमा धेरै पर्ने भियतनाम दोस्रो ठुलो देश हो। इन्डोनेसियामा जम्मा १० वटा विश्व सम्पदाहरू छन् भने भियतनाममा ८। ती आठमध्ये पाँचवटा सांस्कृतिक सम्पदा, दुईवटा प्राकृतिक हुन् भने एउटा सांस्कृतिक तथा प्राकृतिक मिश्रण छ।

प्राकृतिक र सांस्कृतिकरूपले धनी भियतनाममा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदाहरूको सङ्ख्या थपिँदै जानुले विश्व पर्यटनको नयाँ गन्तव्यको रूपमा विकास हुन टेवा पुगेको देखिन्छ। विश्व पर्यटन आवागमनले अझ लाभान्वित हुने निश्चित छ। यही मेसोमा भियतनामको आर्थिक सुधारले बढ्दो मध्यम वर्गीय सङ्ख्याको कारणले पनि आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको देखाउँछ। साथै, अन्तर्राष्ट्रिय पर्यटकहरूको चाख पनि भियतनामतिर बढ्दै गएको देखाउँछ। भियतनामको पर्यटन प्रशासनको तथ्याङ्कअनुसार सन् १९९० मा दुई लाख पचास हजार विदेशी पर्यटक भित्र्याउने भियतनामले १९ वर्षपछि अर्थात् सन् २००९ मा ३८ लाख पर्यटकलाई भित्र्याउन सफल भयो। त्यसरी नै आन्तरिक पर्यटकको सङ्ख्या नै दुई करोड पचास लाखसम्म पुग्यो। यो सङ्ख्या अझ बढ्दै जाने देखिन्छ।

**हनोई सहरको सेरोफेरो**

भियतनामको राजधानी सहर हनोईको आकाशमाथि उड्दै गर्दा मनमा डर र उमङ्ग एकैपल्ट महसुस भयो। उमङ्ग यस अर्थमा कि मन नै उद्वेलित गर्ने भियतनामको माटोमा टेक्न पाउने भयो, डर यसले कि बाक्लो हुस्सुले गर्दा कहीं जहाजले अवतरण गर्न नसकी अन्तै लाने त होइन भनेर। बाक्लो हुस्सुलाई जहाजले छिचोल्दै गर्दा माथि आकाशबाट हनोई सहर छ्याङ्ग त देखिएन, तर बिस्तारै असङ्ख्य राता राता र गुलाफी रङ्गका घरका छानाहरू देखिन थालेपछि ढुक्क भएँ, अब हो चि मिन्हको देशमा आजै पाइला टेक्न पाउने भयो। जहाजको पाङ्ग्राले भुइँ छुन



*हनोई सहरको प्रख्यात त्रुक बेक ताल*

उद्योगमा पर्यटकको सङ्ख्या यस दशकमा अझ ४ प्रतिशतले बढ्ने आकलन गरिएको छ। विश्व पर्यटन गन्तव्यमा प्रख्यात हुँदै गएको यस दक्षिण-पूर्वी एसियाले यस दशकमा बढ्दो पर्यटकको नपाउँदै धावन मार्गको छेवैमा लहरै राखिएका गाढा नीला रङ्गहरू माथि सेता रङ्गले (Vietnam Airlines) भियतनाम एअरलाइन्स र पुच्छरमा कमलको फूल कोरिएका जहाजहरूको सङ्ख्या र धावन मार्गहरूको लाइनहरूले हनोई अन्तर्राष्ट्रिय हवाई अड्डाको आकार र भियतनाम सरकारको स्वामित्वको एरअलाइन्सको आकार हाम्रो त्रिभुवन विमानस्थल र नेपाल एअरलाइन्सको तुलनात्मक आकारको अनुमान लगाउन गाह्रो भएन। टर्मिनल भवनको लम्बाइ, चौडाइ र अन्य साजसजावत र उपलब्ध सेवाहरूले हाम्रोभन्दा हनोई हवाई अड्डा आधुनिक र ठुलै देखियो।

अपन आरिभल भिसा प्रणालीले (Upon Arrival Visa अथवा पर्यटक भियतनाम पुगेपछि एअरपोर्टमै भिसा लगाउने) व्यवस्थाले अन्तर्राष्ट्रिय पर्यटकको आवगमनलाई सहज बनाएको प्रस्ट हुन्छ। सुरक्षाकर्मीहरूको सजगता र जागरुकता यी कार्यहरूमा फितलो थिएन। हरेक कुरामा कम्प्युटराइज्ड प्रणाली भइसकेकोले चेकआउटको काममा ढिलासुस्ती देखिएन। ग्राउड ह्यान्डलिङको सेवाका लागि भियतनाम सरकारबाहेक अन्य दुई चारवटा फरक कम्पनीहरू उपस्थिति देखिए। भियतनाम सरकारले निजी कम्पनीहरूसँग सहकार्य गरेको रहेछ। विमानस्थलबाट बाहिर आउन नपाउँदै झमक्क साँझ परिसकेकोले हनोई सहरको रूपरङ्ग कस्तो छ, अनुमान लगाउन सजिलो भएन। तर, बसमा बसेर एअरपोर्टबाट बाहिरिँदै गर्दा उज्यालो सडक बत्तीसहितको चौडा फराकिलो बाटो, अग्ला गगनचुम्बी भवनहरूले हनोई सहर आधुनिक चोलामा फेरिसकेको भान भयो। तर, सहरको भित्री भाग अथवा कोर ( भित्री भागमा) एरियामा पुगेसँगै भिडभाड, गुच्चमुच्च बस्ती, चारपाङ्ग्रे र दुईपाङ्ग्रे सवारी साधनहरूको धक्कम धक्काले हाम्रो असन र भोटाहिटीको सम्झना भयो।

**हनोई सहरको इतिहास र नामकरण**

भियतनामका प्रमुख ठुला सहरहरू मानिने उत्तरको हनोई र दक्षिणको हो चि मिन्ह (पुरानो नाम साइगन) सहर क्षेत्रफल र जनसङ्ख्याको आधारमा साँच्चिकै ठुला सहरहरू हुन्। करिब ३३६० वर्ग किमिमा फैलिएको हनोई सहरको हालको जनसङ्ख्या करिब ८५ लाखको हाराहारीमा रहेको तथ्याङ्कले देखाउँछ। क्षेत्रफलको हिसाबमा हनोई काठमाडौं उपत्यकाभन्दा पाँच गुणा ठुलो र जनसङ्ख्याको हिसाबमा तीन गुणाभन्दा ठुलो हो। रेड रिभर अथवा रातो नदी र थाई विन नदीले सिञ्चित हनोई करिब एक हजार वर्षको इतिहास बोकेको पुरानो सहर हो। भियतनामी भाषामा 'ह' को अर्थ नदी र 'नोइ' को अर्थ भित्रपट्टिले नदीको डेल्टा अथवा नदीको भित्री भागमा अवस्थित सहर भन्ने बुझिन्छ। हनोईको पुरानो नाम 'डाई ला' थियो तर 'लाई वंशका' का राजालाई थाईले सन् १०१० तिर एक दिन रातो नदीबाट एक भीमकाय ड्राइगनमाथि उठ्दै गरेको देख्यो। यस घटनालाई शुभलक्षणको संज्ञा दिँदै राजा थाईले सहरको नाम डाई लाबाट 'थाङ लङ' मा परिणत गर्ने आदेश दिएको विश्वास गरिन्छ। थाङ लङको अर्थ हुन्छ - माथि उठ्दै गरेको ड्राइगन।

हनोई सहर नदीले मात्र घेरिएको छैन, सहरको विभिन्न भागहरूमा बीसवटा भन्दा ठुला साना तालहरू अवस्थित छन्। हाम्रोजस्तो प्राकृतिक तालहरूको दृश्यावलोकन गर्न सहरबाट धेरै टाढा जानुपर्दैन। सहरका यी तालहरू पर्यटकीय दृष्टिकोणले मात्र महत्त्वपूर्ण होइनन् बरु यिनीहरूलाई सहरको फोक्सो पनि मानिन्छ। सहरको बिचमा रहेको एउटा ताल 'त्रुक बेक लेक' पनि हो। यसताललाई हालका दिनहरूमा राजनैतिकरूपले पनि प्रचारप्रसारमा ल्याइएको देखिन्छ।

भियतनाम युद्धताका सन् १९६७ मा एक अमेरिकी बमवर्षक विमानलाई हनोईको आकासमा मिसाइल प्रहार गरी भियतनामी सेनाले खसालेको थियो। विमानलाई बचाउन नसकिने भएपछि पाइलटले आफ्नो कक्षबाट आफूलाई इजेक ( हवाईजहाज दुर्घटनामा परेपछि आफू बच्न पाइलटले आफूलाई जहाजबाट अलग्ग गरेर प्यारासुटबाट सुरक्षित अवतरण गर्ने कार्य) गरेर आफू प्यारासुटबाट यही 'त्रुक बेक' तालमा अवतरण गरेका थिए। दुश्मन सैनिक पाइलट



*हनोई सहरको सन्ध्याकालीन दृश्य*

त्यो पनि भियतनामलाई बमवर्षा गर्ने सेनालाई स्थानीय जनताले बाँकी राख्ने कुरै भएन। लात मुका हान्दै तालबाट निकाल्दै उनलाई युद्धबन्दी बनाइयो। बन्दी बनाइएका पाइलट अमेरिकी नौ सेनाका एक एडमिरल भएकाले उनलाई विशेष निगरानीमा राखे पछि युद्ध बन्दीको साटासाटमा पछि अमेरिका फर्काइएको थियो। सन् २००८ मा रिपब्लिकन पार्टीका उम्मेदवार भई अमेरिकी राष्ट्रपति चुनावमा डेमोक्रायट् उम्मेदवार बाराक ओबामाबाट हराइएका व्यक्ति जोन म्याकेन नै ती पाइलट थिए। म्याकेनको देहावसान सन् २०१८ भएको थियो। आज त्रुक बेक तालको एक किनारमा जोन म्याकेनको सम्झनामा एउटा स्मृति शिला राखिएको छ जसमा अमेरिकी नेताहरू वा राष्ट्रपतिहरूको भ्रमण भियतनाममा हुने बेला त्यस स्मृति शिलामा श्रद्धासुमन अर्पण गर्ने गरिन्छ।

**सिङ्गो भियतनामको मीयो हनोई**

ऐतिहासिक र सांस्कृतिकरूपमा जति हनोईको महत्त्व छ, राजनैतिकरूपमा अझै यसको महत्त्व धेरै भएको मानिन्छ। आधुनिककालमा फ्रान्स, जापान र अमेरिकाको आक्रमण र हस्तक्षेपको विरोधमा मात्र होइन तेर्‍हौं शताब्दीमा तीन तीनपटक उत्तर दिशाबाट युआन मङ्गोलको आक्रमणको विरुद्ध लडेर देशलाई जोगाउने श्रेय पनि हनोईलाई दिइन्छ। सन् १९४७ मा भियतनामको स्वतन्त्रताको घोषणापछि पनि फ्रान्स र अमेरिकाले भियतनामको दक्षिण भागलाई कब्जा गरी देशलाई दुई टुक्रामा विभाजन गर्दा भियतनामको एकीकरणका लागि साम्राज्यवादी शक्तिहरूविरुद्ध दऱ्होसँग मुकाबिला गर्ने जस पनि उत्तरी भियतनाम तथा हनोईलाई जान्छ। यसरी इतिहास, संस्कृति र राजनैतिक पृष्ठभूमिका कारण पनि स्वदेशी एवं विदेश पर्यटकहरूको गन्तव्य हनोई सहर हुन गएको हो। यसबाहेक सन् १९४५ सेप्टेम्बर २ मा हो चि मिन्हले भियतनाम स्वतन्त्र भएको घोषणा गरेको विशाल चोक 'बा डिन चोक', सोही चोकमै अवस्थित रहेको हो चि मिन्हको समाधि भवन, हो चि मिन्ह सङ्ग्रहालय, सन् १९५८ देखि १९६९ सम्म हो चि मिन्ह कार्यरत रहेको काठको भुइँ नछुन्ने दुईतले घर (नेपालको झापा जिल्लामा पनि डुबान र सर्प तथा अन्य कीरा फट्याङ्ग्राबाट जोगिन बनाइएका काठका घरहरू पाइन्छन्), पुरातात्त्विक महत्त्वको सङ्ग्रहालय, फ्रान्सको राजधानी पेरिसको प्रख्यात नोट्रेड्याम गिर्जाघरको नमुनाको रूपमा सन् १८८७ मा बनाइएको सेन्ट जोसेफ क्याथ्रेडल, भियतनामको सैनिक सङ्ग्रहालय, हनोई अपेरा हाउस ( नाट्यशाला), सहरको एक मध्य भागको साँघुरो गल्ली बाटोबाट दगुर्ने पुरानो रेल र अन्य थुप्रै



*अमेरिकी राष्ट्रपति बाइडेन (सन् २०२३ मा) त्रुक बेक तालमा राखिएको जोन म्याकेनको स्मृति शिलामा श्रद्धासुमन अर्पण गर्दै। (इन्सेटमा जोन म्याकेन)*

स्मारकहरूले गर्दा हनोई सहर पर्यटकको लागि केन्द्र नै बनेको छ। हनोईवासी भियतनामीहरू भन्छन्, भियतनामलाई बुझ्न र वास्तविक भियतनामलाई चिन्न हनोई चहार्नुपर्छ, हनोईको खाना चाख्नुपर्छ र स्थानीय जनजीवनलाई चियाउनुपर्छ।

# प्रजग कोरियामा विविध कार्यक्रमसाथ अन्तर्राष्ट्रिय महिला दिवस




प्योङयाङ, मार्च ९ (केसीएनए) । प्रजातान्त्रिक जन गणतन्त्र कोरियामा मार्च ८ को ११४ औँ अन्तर्राष्ट्रिय महिला दिवस वार्षिकोत्सव विविध कार्यक्रमसाथ महत्त्वपूर्ण रूपमा मनाइयो ।

सो अवसरमा कोरियाली महिलाहरूले जुचेको पवित्र मन्दिर सूर्यको कुमसुसान दरबारको प्लाजामा, आगन्तुकहरूले जुचे उन्मुख महिलाहरूलाई जन्म दिने महान् नेताहरू राष्ट्रपति किम इल सुङ र अध्यक्ष किम जोङ इलको परोपकारको पुनः स्मरण गरे । कोरियाली समाजवादी क्रान्तिले कोरियाली महिलाहरूलाई सम्मानित र सुखी जीवन प्रदान गर्‍यो र महिलाहरूलाई महत्त्व दिने राजनीति सुरुवात गर्‍यो ।

मान्सु डाँडामा रहेको राष्ट्रपति र अध्यक्षको शालिकमा र देशका विभिन्न भागबाट धेरै नागरिकले पुष्पहार अर्पण गरेका थिए । सबै प्रदेश, सहर, गाउँपालिका, संस्था, औद्योगिक प्रतिष्ठान र फार्मका पदाधिकारीहरूले सम्बन्धित इकाईका अनुकरणीय महिला श्रमिकहरूलाई बधाई दिएका थिए ।

चाडपर्वको माहोललाई पुनरुत्थान गर्न देशभर साङ्गीतमय बधाई कार्यक्रम र मनोरञ्जनात्मक खेलहरू आयोजना गरिए ।

मोरानबोङ थिएटरमा राष्ट्रिय सिम्फनी अर्केस्ट्राद्वारा कन्सर्ट दिइएको थियो र पूर्वी प्योङयाङ ग्रान्ड थिएटरमा मनसुदे आर्ट ट्रुपद्वारा सङ्गीत र नृत्य प्रदर्शन गरिएको थियो । राष्ट्रिय रंगमञ्चमा 'एउटा व्यक्ति म खोज्दैछु' नामको एक नाटक प्रस्तुत गरिएको थियो र प्योङयाङ सर्कस थिएटरमा राष्ट्रिय एक्रोबेटिक समूह र राष्ट्रिय लोक कला समूहको संयुक्त प्रस्तुति गरिएको थियो ।

समाजवादी देशभक्त युवा लिगको केन्द्रीय समितिको कला टोली, कोरियाको महासङ्घ ट्रेड युनियनको केन्द्रीय समितिको श्रमिक कला समूह, रेल मन्त्रालयको कला टोली आदिले राजधानी शहरको विभिन्न भागमा कला प्रस्तुति दिएका थिए । साउथ फ्योन्गान, साउथ ह्वाङ्घाई र साउथ ह्यामग्योङ प्रान्त, नम्फो र केसोङ नगरपालिका र देशका अन्य भागहरूमा महिलाहरूका लागि बधाई प्रस्तुतिहरू दिइएको थियो ।

देशभरका महिला सङ्घका पदाधिकारी र सदस्यहरूले नाचगान र रङ्गीन मनोरञ्जनात्मक खेलहरूसँगै बिदा मनाए । सार्वजनिक खानपान प्रतिष्ठानहरूले इमानदारीपूर्वक महिलाहरूलाई सेवा दिए ।

समाज, समूह र परिवारका लागि आफूलाई समर्पण गरेका श्रीमती र आमाहरूका लागि पुष्पगुच्छा र फूलहरू किन्न देशभरका स्मारिका र फूल पसलहरू आगन्तुकहरूको भीड रहेको थियो ।

# साइप्रस हुँदै गाजाका लागि सहायता पठाउने तयारी

निकोसिया, ९ मार्च (एएफपी) । अमेरिकी परोपकारी संस्था 'वर्ल्ड सेन्ट्रल किचेन' ले गाजाका लागि साइप्रसको बाटो सहायता पठाउन लागिएको शनिबार बताएको छ ।

गाजाबाट सबैभन्दा नजिकको युरापेली सङ्घको सदस्य राष्ट्र साइप्रसको लार्नाका बन्दरगाहमा तीन साताअघि स्पेनको ध्वजावाहक जहाज 'ओपन आर्म्स' डुबेको थियो ।

"टोली 'वर्ल्ड सेन्ट्रल किचेन' को साइप्रसमा मानवीय सहायताका सामानहरू उत्तरी गाजातर्फ जाँदै गरेको डुङ्गामा लोड गरिरहेको छ," संस्थाले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

"हामी हाम्रो विश्वासिलो गैरसरकारी संस्था साझेदार 'ओपन आर्म्स' सँग समुद्री सहायता करिडोर खोल्नका लागि हप्तौँदेखि तयारी गरिरहेका छौँ जसले हामीलाई यस क्षेत्रमा हाम्रो प्रयासलाई विस्तार गर्न अनुमति दिने विश्वास गरिएको छ," विज्ञप्तिमा भनिएको छ ।

इजरायल-हमास युद्धको पाँच महिनाभन्दा बढी समय बितिसक्दा पनि गम्भीर मानवीय अवस्थाका कारण केही देशले खाद्यान्न र अन्य सहायता ढुवानी गर्न बाध्य भएको गाजाका जनताका लागि आवश्यक सामग्रीले भरिएको बार्ज निर्माण गर्ने योजना रहेको च्यारिटीले जनाएको छ ।

"गाजामा मानवीय सामुद्रिक करिडोर स्थापना गर्ने प्रयासमा प्रगति भइरहेको छ, र हाम्रो सयौँ टनले भरिएको जहाज प्यालेस्टिनी नागरिकका लागि खाना, पानी र महत्त्वपूर्ण आपूर्तिको क्षणको सूचनाका लागि पर्खिरहेको छ," 'ओपन आर्म्स' ले सामाजिक सञ्जाल एक्समा भनेको छ ।

युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले आइतबार लार्नाबाट सामुद्रिक करिडोर खुल्ने आशा व्यक्त गर्नुभएको छ ।

उहाँले संयुक्त अरब इमिरेट्स ( युएई) को सहयोगमा शुक्रबार 'पाइलट अपरेसन' सुरु गरिने बताउनुभएको छ यसले 'गाजाका जनताका लागि सामानको धेरै ढुवानीमध्ये पहिलो' ढुवानीलाई सुनिश्चत गरेको छ ।

गाजामा कुनै पनि बन्दरगाहहरू सञ्चालनमा छैनन् र अधिकारीहरूले प्रारम्भिक ढुवानीहरू कहाँ जानेछन्, ती इजरायलद्वारा निरीक्षणको अधीनमा रहनेछन् वा कसले सहायता वितरण गर्नेछन् भन्नेबारे केही बताएनन् ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले गाजामा 'अस्थायी स्टेसन' स्थापना गर्ने अमेरिकी योजनामा ६० दिन लाग्ने र त्यसमा एक हजारभन्दा बढी अमेरिकी सैनिक संलग्न हुने जनाएको छ ।

हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट गाजा युद्ध सुरु भएको थियो । आक्रमणमा एक हजार १६० जनाको मृत्यु भएको थियो भने करिब २४० जनालाई आक्रमणपछि बन्धक बनाइएको इजरायली तथ्याङ्कले देखाउँछ ।

आक्रमणको लगत्तै हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै इजरायलले निरन्तर सैन्य आक्रमण गरेको छ । हमासको नियन्त्रणमा रहेको गाजास्थित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार कम्तीमा ३० हजार ८७८ व्यक्तिको मृत्यु भएको छ ।

सन् २००५ मा गाजाबाट पछि हटेको तर आफ्नो हवाई क्षेत्र र क्षेत्रीय जलक्षेत्रमा नियन्त्रण कायम राखेको इजरायलले योजनाबद्ध सामुद्रिक करिडोरको 'स्वागत' गरेको बताइएको छ ।

# नाइजेरियामा अपहरणमा परेका करिब २५० विद्यार्थी उद्धार गर्न सेना परिचालन

कानो (नाइजेरिया), ९ मार्च ( एएफपी) । नाइजेरियाको उत्तरपश्चिममा रहेको एक विद्यालयबाट बन्दुकधारीले अपहरण गरेका २५० भन्दा बढी विद्यार्थीहरूलाई उद्धार गर्न सेना परिचालन गरिएको छ ।

कादुना राज्यमा भएको उक्त घटना एक हप्तामा भएको दोस्रो सामूहिक अपहरण हो । पछिल्ला केही वर्षहरूमा उक्त क्षेत्रमा सशस्त्र आपराधिक गिरोहले गाउँ, विद्यालय तथा राजमार्गहरूमा फिरौती भुक्तानीको खोजीमा पीडितहरूलाई लक्षित गर्ने गरेका छन् ।

कादुना राज्यका स्थानीय सरकारी अधिकारीहरूले बिहीबार अपहरणको पुष्टि गरेका छन् । यद्यपि, उनीहरूले कति बालबालिकाहरू अपहरण भएका छन् भन्ने तथ्याङ्क भने दिएका छैनन् ।

आक्रमणका क्रममा कम्तीमा एक जनाको गोली हानी मृत्यु भएको स्थानीय बासिन्दाहरूले बताएका छन् ।

जीएसएस कुरीगा विद्यालयका शिक्षक सानी अब्दुल्लाहीले बन्दुकधारीहरूले बिहीबार हवाई फायर गरी विद्यालयका कर्मचारी र धेरै विद्यार्थीहरू लिएर गएको बताउनुभयो ।

उहाँका अनुसार स्थानीय अधिकारीलाई १८७ जना विद्यार्थीहरू विद्यालयबाट र अन्य १०० जना प्राथमिक कक्षाहरूबाट अपहरण गरेका थिए । स्थानीय बासिन्दाले करिब २८० जना बालबालिका र शिक्षक अपहरणमा परेको बताएका छन् ।

एक स्थानीय अगुवाका अनुसार डाकुहरूले गोली चलाएको र आफूहरू भेला हुँदासम्म बच्चाहरूलाई जम्मा गरी भागेका थिए ।

सुरक्षा प्रमुखहरूबाट दुई घटनाको बारेमा जानकारी प्राप्त गरेपछि तत्काल उनीहरूको उद्धारका लागि निर्देशन दिएको राष्ट्रपति बोला टिनुबुद्वारा जारी एक विज्ञप्तिमा उल्लेख गरिएको छ । बालबालिकाको उद्धारका लागि सेना परिचालनका लागि आदेश दिएको र छिट्टै सेना उक्त क्षेत्रमा पुग्ने उहाँले बताउनुभयो ।

अप्रिल २०१४ मा बोको हरामका लडाकुहरूले बोर्नो राज्यको चिबोकबाट २५० भन्दा बढी विद्यार्थी अपहरण गरेपछि उक्त घटनाको अन्तर्राष्ट्रियस्तरमा व्यापक आलोचना भएको थियो । तीमध्ये केही बालिका अझै बेपत्ता छन् ।

## विश्व सङ्क्षेप

### चीनमा उपभोक्ताको मूल्य ६ महिनामा पहिलोपटक फेब्रुअरीमा बढ्यो

पेइचिङ, ९ मार्च (एएफपी) । अगस्टपछि पहिलोपटक फेब्रुअरीमा चीनको उपभोक्ता मूल्य वृद्धि भएको शनिबार सार्वजनिक तथ्याङ्कले देखाएको छ ।

पेइचिङस्थित राष्ट्रिय तथ्याङ्क विभाग (एनबीएस) का अनुसार उपभोक्ता मूल्य सूचकाङ्क गत महिना ०.७ प्रतिशतले बढेको छ । यो अगस्टपछिको पहिलो वृद्धि हो भने जनवरीमा उपभोक्ता मूल्य सूचकाङ्क ०.८ प्रतिशतले घटेको थियो ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले ०.३ प्रतिशतले वृद्धि हुने अनुमान गरेका थिए । सन् २०२१ पछि पहिलोपटक जुलाईमा चीनमा गिरावट आएको उपभोक्ता मूल्य तथा सेवामा अगस्टमा केही समयका लागि सन्तुलन आए पनि त्यसयता मूल्यमा निरन्तर गिरावट आएको छ ।

परम्परागतरूपमा चिनियाँ नयाँ वर्षको अवधिमा उपभोक्ता मूल्यमा वृद्धि हुन्छ, तर यस वर्षको फेब्रुअरीमा यसको मूल्यमा कमी आएको थियो । एनबीएसका अनुसार फेब्रुअरीमा उत्पादक मूल्यमा २.७ प्रतिशतले गिरावट आएको छ ।

### दक्षिण कोरियामा माछा मार्ने डुङ्गा पल्टिँदा ६ जना बेपत्ता

सियोल, ९ मार्च (एएफपी) । इन्डोनेसियाली नागरिकसहित नौ जना सवार दक्षिण कोरियाली माछा मार्ने डुङ्गा शनिबार देशको दक्षिणी तटमा पल्टिँदा ६ जना बेपत्ता भएको स्थानीय अधिकारीले बताएका छन् ।

दक्षिण कोरियाली योनहाप समाचार संस्थाका अनुसार २९ टन क्षमताको डुङ्गा शनिबार बिहान तटीय सहर तोङयोङको एक टापुबाट ६८ किलोमिटर दक्षिणमा समुद्रमा पल्टिएको थियो । कोरिया कोस्ट गार्डको टोङयोङ कार्यालयले एएफपीलाई दिएको जानकारीअनुसार चालक दलका तीन सदस्यलाई उद्धार गरिएको छ तर सबै अचेत अवस्थामा छन् ।

"हामी अझै पनि हराइरहेका ६ जनाको खोजी गरिरहेका छौँ," सरकारी अधिकारी ली हो-जुनले भन्नुभयो । दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले सम्बन्धित अधिकारीहरूलाई 'नौ सेना र माछा मार्ने डुङ्गाहरूसहित सबै उपलब्ध कर्मचारी र उपकरणहरू परिचालन गरेर जीवन बचाउन सक्दो प्रयास गर्न' निर्देशन दिनुभएको छ ।

योनहापका अनुसार डुङ्गा बिहीबार बिहान देशको दक्षिणी टापु जेजुबाट छुटेको र त्यसपछि माछा मार्ने काममा व्यस्त थियो ।

समाचार एजेन्सीका अनुसार खोजी कार्यका लागि गस्ती डुङ्गा, नौसेनाका पानी तथा हवाइ जहाज तैनाथ गरिएको छ ।

### पश्चिमी इन्डोनेसियामा बाढी र पहिरोमा १० को मृत्यु १० बेपत्ता

जकार्ता, ९ मार्च (सिन्ह्वा) । पश्चिम सुमात्रा प्रान्तको पेसिसिर सेलाटनको इन्डोनेसियाली रिजन्सीमा बाढी र पहिरोका कारण कम्तिमा दश जनाको मृत्यु भएको शनिबार स्थानीय विपत् व्यवस्थापन निकायले जनाएको छ । उक्त घटनामा अन्य दश जना बेपत्ता भएका छन् ।

पेसिसिर सेलाटन विपत् न्यूनीकरण एजेन्सीका प्रमुख डोनी गुस्रीजलले एक विज्ञप्तिमा उद्धारकर्ताहरूले अझै पनि अन्य बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेको उल्लेख गर्नुभयो । बाढी र पहिरोबाट प्रभावितहरूलाई उद्धार गरिरहेका छन् ।

शनिबार बिहानसम्म भएको वर्षापछि भएको डुबानले बाटो पुरिएकोले विपत्का कारण छुटिएका गाउँलेहरूलाई मद्दत गर्न डुङ्गाहरूको परिचालन गरी उद्धार सुरु भएको उहाँले बताउनुभयो ।

गुसरिजलका अनुसार ४५ हजारभन्दा बढी मानिसहरू सेलाटानका विभिन्न स्थानमा अस्थायी आश्रयस्थलमा बसिरहेका छन् । वर्षा कारण २० हजारभन्दा बढी घर डुबानमा परेको र कम्तीमा आठ वटा पुल भत्किएका छन् ।

बिहीबारदेखि यस क्षेत्रमा परेको भारी वर्षाले गर्दा धेरै गाउँहरूमा पुग्ने सडक अवरुद्ध भएको छ भने स्थानीयहरू विद्युत्विहीन भएका छन् ।

### अफगानिस्तान सडक दुर्घटनामा सात जनाको मृत्यु

अफगानिस्तान, ९ मार्च (सिन्ह्वा) । पश्चिमी अफगानिस्तानको निमरोज प्रान्तमा गाडी अनियन्त्रित भई दुर्घटना हुँदा सात यात्रुको मृत्यु भएको र अन्य तीन जना घाइते भएको प्रान्तीय ट्राफिक प्रहरी अधिकारी अबिदुल्लाह मिरवाइसले शनिबार बताउनुभएको छ ।

दिलाराम जिल्लालाई प्रान्तीय राजधानी जरन्ज सहरसँग जोड्ने सडकमा शुक्रबार राति सडक दुर्घटना हुँदा चार पुरुष, दुई महिला र एक बच्चाको घटनास्थलमै मृत्यु भएको र एक बालकसहित अन्य तीन जना घाइते भएको अधिकारीले बताए । अफगानिस्तानमा बुधबारको दुर्घटनामा पूर्वी गजनी प्रान्तमा भएको दुर्घटनामा ६ जनाको मृत्यु भएको थियो भने ३२ जना घाइते भएका थिए ।

अफगान अधिकारीहरूका अनुसार त्रुटिपुर्ण ड्राइभिङ, भीडभाडयुक्त सडक, यात्राको क्रममा सुरक्षा उपायहरू अवलम्बन नगरिनु र जीर्ण राजमार्गहरू सडक दुर्घटनाका प्रमुख कारण हुन् । राष्ट्रिय ट्राफिक अधिकारीहरूको पछिल्लो तथ्याङ्कले गत दश महिनामा अफगानिस्तानमा सडक दुर्घटनामा परी एक हजार ६ सयभन्दा बढी मानिसको मृत्यु भएको र चार हजारभन्दा बढी घाइते भएको देखाएको छ ।

# भाजु पुखू समुद्घाटन समारोहमा पुग्दा

✍ जे.पी. तिमिल्सिना

शुक्रबारको बिहानी घरमै विश्राममा बित्यो। हिजो दिनभर अलि थकाइ लागेको थियो। अघिल्लो दिन बिहान ९/१० बजेदेखि राति ११ बजे आवासमा नपुग्ने बेलासम्म दौडधुप धेरै भएको थियो। आफूलाई चार्ज गर्न, रिफ्रेस बनाउन केही बेर ध्यानमा बसेँ। बिहानको भोजनपछि भक्तपुर नगरपालिकाको विशेष कार्यक्रम हेर्न हिँडियो। 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने मुख्य उद्देश्यमा भक्तपुर नगरपालिका वडा नं. १ मा भाजु पुखू र जलेश्वर मन्दिरको उद्घाटन तथा 'भाजु पुखू र जलेश्वर मन्दिर पुनर्निर्माण' पुस्तक विमोचन कार्यक्रम थियो। भक्तपुर नगरपालिकाको ब्रह्मायणीबाट छिटोछिटो गर्दै म पाँचतले मन्दिरबाट सांस्कृतिक झाँकीसहितको जुलुसलाई भेटेँ। भक्तपुरको पाँचतले मन्दिरबाट विभिन्न बाजा गाजाहरू, साङ्गीतिक झाँकीहरूसहितको विशाल र्‍याली अगाडि बढ्दै थियो। विभिन्न स्कूलका विद्यार्थीहरू आ-आफ्नो विद्यालयको ब्यानर लिएर परम्परागत पोशाक, विद्यालय पिच्छे फरकफरक पोषाक, अझै सांस्कृतिक झाँकीमा अनेकौँ सङ्गीत तथा नृत्य देखाउँदै, वाद्यवादनका साधनको भरपुर उपयोग गर्दै र्‍यालीको शोभा बढाएका थिए। सुरुमा नेवारी बाजाको टीम, क्रमश: नेपाली पोशाकमा सजिएका महिलाहरूका बाजागाजासहितको लावालस्कर अझै, स्काउटको युनिफर्ममा सजिएका साना केटाकेटीहरूको भूमिका अनुकरणीय थियो। साना केटाकेटीको लट्ठी नाच (माक प्याखँ, तलेजु सांस्कृतिक समूहको प्रस्तुति अझै रोचक थियो। बाटोबाटोमा बुढीआमाहरू खुसी हुँदै हँसिलो अनुहारमा र्‍यालीमा सहभागीलाई पानी खुवाउने काममा व्यस्त भएको देखियो। बुढी महिलाले बाटोमा बसेर सबैलाई पानी दिएको दृश्य मार्मिक, आत्मीय र अति धेरै प्यारमय थियो। उक्त दृश्यलाई विभिन्न देशका पर्यटकहरूले भिडियो रेकर्ड गर्ने, फोटो खिच्दै गरेका दृश्य बाटोभरि देखिन्थे। नयाँ पुस्ताहरू परम्परा, संस्कृतिप्रति नेपाल र नेपालीपनप्रति भन्दा विदेशी संस्कृतितर्फ लागेको अहिलेको परिवेशमा पनि त्यो देखिएन। सबै पुस्ताको उत्तिकै सहभागिता, चासो, चिन्ता र लगाव देखियो। भक्तपुरका साना केटाकेटी, युवा तथा बुढाबुढी सबै पुस्ताका व्यक्तिहरू एकमतले परम्परा, संस्कृति र सम्पदाको खुला सांस्कृतिक सम्पदा भएको यो नगरीमा आउने पर्यटकहरूको आजको सबैभन्दा महत्त्वपूर्ण दृश्य नै सांस्कृतिक झाँकी थियो। भक्तपुर नगरपालिकाको ब्यानरमा राजनीतिज्ञ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), नगर प्रमुख सुनिल प्रजापति, प्रदेश सांसद सुरेन्द्रराज गोसाई, जनप्रतिनिधि, शिक्षक, कर्मचारी, बुद्धिजीवीलगायत महिला जनप्रतिनिधिहरू गुन्यु चोलीमा सजिएर जुलुसमा सहभागी हुँदा सम्पूर्ण सहभागीको हृदय गौरवान्वित भएको भान हुन्थ्यो। यसरी बिस्तारै जुलुस भाजु पोखरीको मूलगेटबाट भित्र पस्यो।

भाजु पुखू र जलेश्वर मन्दिरको प्रवेशद्वार आसपासका दृश्यहरू, स्वागतमा बसेका नेवारी पोशाकका दिदीबहिनीहरूको लाइन मनोरम थियो। खेलकुद क्षेत्रका प्रदर्शन, विभिन्न विद्यालयका झाँक्री, बिचबिचमा बुढी आमाहरूले जुलुसमा पानी छम्किएको दृश्य, विदेशी रमाउँदै भिडियो, फोटा लिएका दृश्यहरू, महत्त्वपूर्ण र अविस्मरणीय रहे।



आजभन्दा करिब आठसय वर्ष पहिले राजा जितेन्द्र मल्लको पालामा उनका प्रिय पात्र भागिराम प्रधानाङ्ग अर्थात् भाजु कसजुले निर्माण गराएको कुरा इतिहासकार प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठबाट अवगत भयो। तीन दशकअगाडि पानी सुकेर पूरै उजाड गौचनजस्तो रहेको र गत २०७२ सालको भूकम्पको बेला सयौँ भूकम्प पीडितहरूको बासस्थान बनेको यो पोखरी ३२ रोपनी ११ आना जग्गामा फैलिएको सिद्धपोखरीबाट करिब ५० मिटरको दुरीमा भक्तपुर क्याम्पसको काखैमा अर्थात् भक्तपुर नगरपालिका वडा नं. १ मा अवस्थित छ। काठमाडौँको रानीपोखरीभन्दा पुरानो प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटनको हिसाबले अति महत्त्वपूर्ण यो पोखरीको बिचमा परम्परागत शैलीमा निर्माण भएको सुन्दर जलेश्वर मन्दिर रहेछ। इतिहासकारको भनाइमा यहीँ पोखरीको नक्कल गरेर काठमाडौँमा रानीपोखरी निर्माण गरिएको थियो। काठमाडौँको रानीपोखरीकै स्वरूपमा पुनर्निर्माण गरेको अति सुन्दर पोखरी तथा जलेश्वर मन्दिरको उद्घाटन वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) बाट गरिनु अझै महत्त्वपूर्ण पक्ष थियो। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाई, पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग, इतिहासकार प्राडा पुरुषोत्तमलोचन श्रेष्ठ, पूर्वन्यायाधीश गौरीबहादुर कार्की, प्रजिअ रोसनी श्रेष्ठ, उपप्रमुख रजनी जोशी, अरुणा नकर्मि, भक्तपुर क्याम्पस प्रमुख डा. सविता लुइटेललगायतका बौद्धिक व्यक्तिहरूको सारगर्भित मन्तव्य एवम् गरिमामय उपस्थितिले हजारौँ सहभागीलाई सचेत, सङ्गठित र सुसूचित गरिरहेको खुला कक्षा बनेको थियो। फरकफरक पुस्ताका सहभागीहरूले एकैपटक, एउटै स्थानमा विगतदेखि वर्तमानसम्ममा, धेरै क्षेत्रका विज्ञहरूबाट ज्ञान प्राप्त गरिरहेको सम्भावित ख्वप विश्वविद्यालयको बृहत् खुला प्राकृतिक कक्षाकोठाजस्तो महसुस भएको थियो।

अहिले श्रमको सम्मान गर्ने, जनताका छोराछोरीलाई उचित शिक्षा, स्वास्थ्य, रोजगार दिने, कामदार तथा गरिखाने वर्गको हितमा प्राय:जसो काम नेपाल सरकारको प्राथमिकतामा देखिँदैन। कुनै पनि काम अप्रत्यक्षरूपमा नेताहरूको खल्तीमा पैसा पर्ने गरी ठेक्का दिने, यदाकदा उपभोक्ता समिति बनाए पनि आफ्नै आसेपासे, झोलेहरूलाई मात्रै राखेर काम अधुरै छोड्ने, कमसल सामग्रीको प्रयोग गर्नेजस्ता गलत हर्कतले जनश्रमदान हुँदैन भन्ने उल्टै निर्दोष जनतालाई दोष दिएर गलत काम गर्नेहरू उम्कने अहिलेको यथार्थमा भक्तपुर नगरपालिका अछुतो देखियो। सबै प्रकारका अनियमितता, जनतालाई अहित हुने, दु:ख पीडा हुने, असर र हानि हुने काम नगरेर सम्पूर्ण जनताको पूर्ण विश्वास जित्न सफल भएको देखियो। नेपालका प्राय: हरेक योजनामा रकम थप्ने, काम अधुरो, अपुरो र अपारदर्शी हुने गरेकोमा यहाँ सबै काम उपभोक्ता समितिबाट कुशलतापूर्वक सम्पन्न गरेको देखियो। कुल लागत दुई करोड एकाउन्न लाखमा एक करोड सतासी लाखमात्रै खर्च भएको अझै पोखरीलाई सुन्दर पार्ने काम बाँकी रहेको कुरा स्पष्टरूपमा सबैलाई जानकारी गराउने काम भयो। यहाँ कुनै पनि कामको जिम्मेवारी दिँदा वा उपभोक्ता समिति गठन गर्दा नातागोता, भोट दिए नदिएको, आफ्नो अर्काको, राजनीति आस्था मिले नमिलेको आधारमा भन्दा काम गर्ने सिप, क्षमता र दक्षतालाई मात्रै आधार मान्ने गरेकोले नै प्राय: उपभोक्ता समितिले तोकिएको रकमभन्दा कम रकममा काम सम्पन्न गर्ने गरेको, अझै बढी भएको रकम नगरपालिकामा फिर्ता गर्ने गरेको अथवा तोकिएको भन्दा थप काम गरेको भेटियो। कुनै पनि कार्यक्रममा कामदारवर्गलाई अतिथि बनाउने, दोसल्ला ओढाउने, प्रशंसा पत्र, पुरस्कार दिने कामलाई पहिलो प्राथमिकतामा राख्ने गरेको पाइयो। भाजु पुखू अर्थात् भाजु पोखरी र जलेश्वर मन्दिरको उद्घाटन समारोहमा श्रमिकलाई अतिथि बनाएको र विशेष सम्मानित गरिएको थियो। सुरुदेखि काम गरेका महिला तथा पुरुष कामदारहरूलाई प्रमुख अतिथिबाट सम्मान गरेको, अझै उपभोक्ता समितिका पदाधिकारीहरूलाई, सिकर्मी, डकर्मीहरूलाई उच्च सम्मान र प्रशंसा गरेको दृश्यले वास्तवमा कामदारवर्गको स्वर्ग निर्माणमा नेपाल मजदुर किसान पार्टीको नेतृत्वले भक्तपुरबाट सुरु गरेको अनुभूति भयो। अझै भाजु पोखरीका बारेमा खोज अनुसन्धान गरेका विज्ञहरूका लेख रचनाहरू, कामको पारदर्शितासम्बन्धीका विवरणहरू भएको पुस्तक पनि प्रमुख अतिथिबाट विमोचन भयो।

# खेतीयोग्य जमिनमा अव्यवस्थित भौतिक संरचना निर्माण हुँदै

✍ बी. एल. दैलेखी

*राजनीतिक अस्थिरताका कारण नेपाली जनता विरक्त छन्। अनेक पीडा र समस्याका कारण सर्वसाधारण नेपाली जनतामा निराशा छाएको छ। मुलुकका अधिकांश पालिका सरकारले जनताको इच्छा, चाहना, समस्या, आवश्यकता र तिनीहरूका लागि आवश्यकीय सम्पूर्ण जनजीविकाका सवालमा कुनै चिन्ता, चासो र जिम्मेवार भएर काम गरेको देखिँदैन। उनीहरू विकास निर्माणको नाउँमा मनोमानी आफू हितानुकूलका काममा तल्लीन छन्। जनताका नगरी नहुने र नभई नहुने अत्यावश्यक काममा पनि गम्भीर छैनन्। कहीँकतै अपवादको रूपमा चुनावताका जनतासामु व्यक्त गरिएका आफ्ना प्रतिबद्धता कार्यान्वयन भए पनि धेरै ठाउँमा सार्वजनिक काम पूरा गर्न ध्यान दिएको देखिँदैन।*

राजनीतिक अस्थिरताका कारण नेपाली जनता विरक्त छन्। अनेक पीडा र समस्याका कारण सर्वसाधारण नेपाली जनतामा निराशा छाएको छ। मुलुकका अधिकांश पालिका सरकारले जनताको इच्छा, चाहना, समस्या, आवश्यकता र तिनीहरूका लागि आवश्यकीय सम्पूर्ण जनजीविकाका सवालमा कुनै चिन्ता, चासो र जिम्मेवार भएर काम गरेको देखिँदैन। उनीहरू विकास निर्माणको नाउँमा मनोमानी आफू हितानुकूलका काममा तल्लीन छन्। जनताका नगरी नहुने र नभई नहुने अत्यावश्यक काममा पनि गम्भीर छैनन्। कहीँकतै अपवादको रूपमा चुनावताका जनतासामु व्यक्त गरिएका आफ्ना प्रतिबद्धता कार्यान्वयन भए पनि धेरै ठाउँमा सार्वजनिक काम पूरा गर्न ध्यान दिएको देखिँदैन।

दैलेख पनि ऐतिहासिक विशेषताले भरिपूर्ण जिल्ला हो। स्थानीय पालिकाका जनता जनप्रतिनिधिको कामप्रति सन्तुष्ट छैनन्। जनताका दैनिक जनजीविका काममात्र होइन, हरेक हिसाबले राजनीतिक स्वार्थ र पूर्वाग्रहीका कारण जनताका काममा बाधा र समस्या उत्पन्न भइराखेको छ।

आ-आफ्नो स्वार्थपूर्तिका लागि विशेष गरेर सत्तासीन र एउटै पार्टीभित्र पनि गुट उपगुट बनाउँदै पालिका सदरमुकाम, वडा कार्यालय, बाटाघाटा, विभिन्न विकास योजनाहरूमा विवाद गर्ने र सामाजिक हितका लागि भन्दा पनि आफ्नो व्यक्तिगत हितका लागि काम गर्न खोज्दा बजेट र अर्थतन्त्र जथाभावी ब्रह्मलुट हुने र विकासको गतिमा अवरोध सृजना पैदा भई कुनै काम अगाडि बढेको देखिँदैन।

११ वटा पालिकामध्येको आठबिस नगरपालिका प्राकृतिक सौन्दर्य बोकेको कर्णाली नदी किनारले धेरै भूमि ओगटेको छ। मापदण्डबिनाको नगरपालिका घोषणा हुनु कुनै विकासको लागि थिएन। नगरपालिका प्रमुख भएर नगरपालिकामा आवश्यक कर्मचारी कोटा लुकाएर करारमा नियुक्त गरी आफू पक्षीय काम गर्ने र आगामी दिनको चुनावमा मत सुरक्षित राखी जनताका काममा रजाइँ गर्ने काम भइरहेको छ। पालिकामा अवस्थित राकम कर्णाली एक सुन्दर र रमणीय ठाउँ हो। यस पालिकाको बजारको व्यवस्था भएको एकमात्र ठाउँ हो राकम कर्णाली। यो ठाउँलाई एक पर्यटकीय स्थल बनाई आयआम्दानीको स्रोत केन्द्र बनाउनुपर्ने थियो। तर, अगुवाहरूको घैँटोमा घाम लागेन। भविष्य र दीर्घकालीन सोच नबनाएर केबल चुनावी भोट बचावटको स्वार्थ लागि काङ्ग्रेस, एमाले र माओवादीलगायतका सत्ताका भागीदारहरूले आफ्नो तल्लो स्तरका कार्यकर्तालाई जानकारी नदिई पालिकाको सदरमुकाम राकम कर्णाली बनाउने गोप्य र आन्तरिक सहमति भएको बुझिएको छ। विभिन्न स्वार्थ र राजनीति दाउपेचका कारण पालिकाका जनवासीलाई पालिका सदरमुकाम पायक र उपयुक्त नहुँदा नहुँदै पालिका सदरमुकाम राकम कार्णालीमा बनाउने पक्का भएको छ।

राकम अन्न र तरकारी खेतीको लागि उपयुक्त ठाउँ हो। साथै सुन्दर नदी त्यही बाटो भएर बग्ने भएकोले त्यस ठाउँलाई अझ सुन्दर, पर्यटकीय स्थल र माछा पालनको लागि बिनालगानी एक व्यवसायिक क्षेत्र तयार गर्न सकिने ठाउँमा केही मुट्ठीभर मान्छेको फाइदा र निर्णयको हाबीले गर्दा सबै कुरा अस्तव्यस्त देखिन्छ। यहाँ अन्न र अन्य उत्पादनका उपयुक्त ठाउँ नभएको तर भौतिक संरचना र घर टहराका लागि राकमबाहेकका ठाउँहरू अन्यत्र पनि थुप्रै भएका र पालिकाका सबै जनताका लागि पायक र सजिलो हुने ठाउँहरू पनि धेरै छन्। तर, पालिका सदरमुकाम पनि त्यही बनाउने निर्णयले मानिसहरू घर घडेरी किन्दै अव्यवस्थित तरिकाले र बिनामापदण्डको भौतिक संरचना बनाउँदै छन्। अब अन्न उत्पादनमा न्यूनता आउने करिब निश्चित छ। विकासको दृष्टिकोणले दैलेखको राकम कर्णाली मध्यपहाडी लोक मार्गको दसवटा सहरमध्यको एक मेघा सिटीभित्र पर्छ। त्यसैले पनि विकास नभएको ठाउँमा विकास गर्ने र खेतीयोग्य जमिनलाई व्यवस्थित तवरबाट उत्पादन क्षेत्र र पर्यटकीय विकासको क्षेत्र बनाउँदा सबैको हितमा हुने थियो। आखिरी निर्माण गरिने भौतिक संरचनालाई ध्यान दिँदै उत्पादित क्षेत्र कायमै राखी दीघकालीन सोचका साथ काम गरिनुपर्ने कुरामा बहुमत नगरवासीको मत छ।

***शोषकवर्गको...***

उहाँले क्युवामा पनि समाजवाद स्थापनापछि राजनैतिक, प्रशासनिक र अन्य क्षेत्रहरूमा महिलाहरूको मुख्य भूमिका रहेको बताउनुभयो ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस साम्राज्यवाद र पुँजीवादविरूद्ध र समाजवाद प्राप्तिको सङ्घर्ष भएकै कारण सन् १९७५ मा संयुक्त राष्ट्रिय सङ्घले पुँजीवादी देशहरूको दबाबमा श्रमिक शब्द हटाई श्रमिक महिला दिवसलाई लैङ्गिक मुद्दा बनाइदिएकोमा उहाँले खेद प्रकट गर्नुभयो ।

नेपालमा दैनिक ७ जना महिलामा पाठेघरको मुखको क्यान्सर देखिने र सोही रोगको कारण दैनिक ४ जनाको मृत्यु भइरहेको उल्लेख गर्दै उहाँले नेमकिपाले संसद्मा बलात्कारीहरूलाई मृत्युदण्डको सजाय माग गर्दै गर्दा शासक दलका महिला सांसदहरूले त्यसको विरोध गरेको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले कृषिमा महिलाहरूको भूमिका विषयमा धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्थानीय तहमा महिलाको उपस्थिति विषयमा प्रवचन दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैँया सुवालले विश्वका क्रान्तिकारी महिलाहरूको छोटो जीवनी प्रस्तुत गर्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका उपाध्यक्ष कमलमैँया सुवालको सभापतित्वमा भएको कार्यक्रममा सुलोचना छ्वाजु र मीना डंगोलले पनि बोल्नुभएको थियो ।

***राजनीतिक..***

नीतिबाट नेपालले सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उत्पादनविना कुनै पनि देश समृद्ध हुन नसकिने स्पष्ट पार्दै उहाँले सानोतिनो नै किन नहोस् देशमै आफ्नै उत्पादन गर्ने वातावरण तयार गर्नुपर्ने बताउनुभयो ।

स्रष्टा समाजका अध्यक्ष लक्ष्मणराज जोशीले नेपाल कर्मचारी समाजमा आबद्ध कर्मचारीहरूले सच्चा राष्ट्र सेवकको कर्तव्य र दायित्व अझ प्रभावकारीरूपमा निर्वाह गर्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, "हाम्रा साथीहरूमा भएको सचेततालाई अझ सबल बनाउन, इमानदारीलाई अझै सशक्त बनाउन, कर्तव्य र दायित्व निर्वाहमा अझ उत्कृष्टता ल्याउन, सेवाग्राहीहरूको आँखामा राख्दा नबिझाउनेमात्र होइन शीतलता प्रदान गर्नमा अझ सक्षम बनाउन नेपाल कर्मचारी समाजको गतिविधि निरन्तर चलिरहोस् शुभकामना छ ।"

कार्यक्रमका सभापति एवं नेपाल कर्मचारी समाज तेस्रो राष्ट्रिय सम्मेलन तयारी समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले राजनीति गर्नु बेइमानी गर्नको लागि नभई सबैलाई राम्रो बनाउनको लागि हो भन्नुभयो ।

कर्मचारी पनि कामदारवर्गभित्र पर्ने स्पष्ट पार्दै उहाँले नेपाल कर्मचारी समाज कर्मचारीको हक, हित एवं व्यक्तित्त्व विकासमा जोड दिन्छ तर, ट्रेड युनियनवादको पक्षमा नरहेको स्पष्ट पार्नुभयो ।

सम्मेलनको उद्घाटन सत्रमा प्रमुख अतिथि बिजुक्छेँले नेपाल कर्मचारी समाजको मुखपत्र 'सन्देश बुलेटिन -४, अङ्क ४' सार्वजनिक गर्नुभयो ।

शनिबारै सम्पन्न बन्द सत्रको पहिलो बैठकले समाजका सचिव शिवराम धुख्वाले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ । विधान संशोधन समितिका सदस्य काजीबहादुर पञ्चले विधान संशोधन गर्ने प्रस्ताव पेस गर्नुभएको थियो ।

बन्द सत्रको दोस्रो बसाइँमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालको समसामयिक राजनीति, तीन तहको सरकार र कर्मचारीतन्त्र विषयमा र नेपाल प्राध्यापक समाजका सहसचिव सुजन माकले फासीवाद, नाजीवाद र मोदी फासीवाद विषयमा प्रशिक्षण दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको अध्यक्षतामा रहेको अध्यक्षमण्डलले गौतमप्रसाद लासिवाको अध्यक्षतामा नेपाल कर्मचारी समाजको १५ केन्द्रीय समिति सर्वसम्मतबाट चयन गरेको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल र नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले पनि बोल्नुभएको थियो ।

## हार्दिक बधाई एवं शुभकामना


रामकृष्ण प्रजापति

अभिभावक संघ नेपालको छैटौँ महाधिवेशनबाट आदरणीय दाजु श्री **रामकृष्ण प्रजापति** केन्द्रीय समितिको सहायक महासचिवमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाईका साथ कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछ ।

*हरि घेमोसु*
**न्यु महेश्वरी सप्लायर्स**
महेश्वरीस्थान-८, भनपा

## मोवाइलको लतबाट बालबालिकालाई बचाऔं


- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना

जन्म
१९९४/१०/०६



निधन
२०८०/११/२३

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य नारायणबहादुर दुवालकी ममतामयी माता **नानीबेटी दुवाल**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेमकिपा, ललितपुर जिल्ला समिति**
**नेमकिपा, ललितपुर महानगर समिति**
**नेमकिपा, महालक्ष्मी नगर समिति**
**नेमकिपा, गोदावरी नगर समिति**

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
# देको-मिबा-इतापाके जग्गा एकीकरण आयोजना

सहिद स्मृति खेल मैदान परिसर, भ.न.पा.२, भक्तपुर

# विकसित घडेरी बिक्रीको सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।११।२७**

यस आयोजना क्षेत्रको देहायबमोजिमका विकसित घडेरी प्लटहरू गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट बढाबढमा बिक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र आयोजना कार्यालयमा रु. ३०००।- अक्षरेपि तीन हजार (फिर्ता नहुने गरी) रकम बुझाई बोलपत्र फारम खरिद गरी आफूले खरिद गर्न चाहेको प्लटको जम्मा मूल्य अङ्क र अक्षर दुवैमा प्रस्ट उल्लेख गरी कबोल अङ्कको १० प्रतिशतले हुन आउने रकम भक्तपुर कमलविनायकस्थित नेपाल बैङ्कमा रहेको आयोजनाको धरौटी खाता नं.०१९००१०००४३६४७००००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित ३१ औं दिनको १२ बजेभित्र गोप्य सिलबन्दी बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रमार्फत बिक्री गरिने जग्गाको विवरण**

| सिनं | ब्लक र प्लट नं | नयाँ कि.नं | सिट नं | क्षेत्रफल व.मि. | मोहडा मिटर | बाटो मिटर | मोहडातर्फ | बिक्री मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति व.मि न्यूनतम दर | जम्मा न्यूनतम मूल्य |
| १ | A1-9 | २३७३ | १०२११९२१८ | ११३।१० | ७।९० | ७ | पूर्व | ९०,०८१।६० | १०,१८८,२२९।०० |
| २ | A14-6 | १२३ | १०२११९२१८ | ११७।७० | ८।८८ | ७ | कर्नर | ९२,६५५।३६ | १०,९०५,५३६।०० |
| ३ | A16-6 | ४२ | १०२११९२१८ | ११६।०५ | ६।५७ | ७ | पूर्व | ८५,७९२।०० | ९,९५६,१६२।०० |
| ४ | A20-2 | १७३ | १०२११९२१९ | ८६।७४ | ६।५० | ७ | पश्चिम | ८८,३६५।७६ | ७,६६४,८४६।०० |
| ५ | A21-1 | २०० | १०२११९२१९ | १२३।८३ | ९।२७ | ६ | कर्नर | ९१,५४०।९० | ११,३३५,५१०।०० |
| ६ | A22-4 | १९४ | १०२११९२१९ | १००।९६ | ७।६२ | ६ | पश्चिम | ८५,७१५।५७ | ८,६५३,८४४।०० |
| ७ | A22-10 | १९२ | १०२११९२१९ | ८३।२६ | ६।२८ | ७ | पूर्व | ८८,३६५।७६ | ७,३५७,३३३।०० |
| ८ | A24-14 | २२० | १०२११९२१९ | ११४।१३ | ७।२४ | ७ | उत्तर | ८५,७९२।०० | ९,७९१,४४१।०० |
| ९ | A25-14 | २४७ | १०२११९२१९ | १६१।९० | ८।१० | ७ | उत्तर | ८४,९३४।०८ | १३,७५०,८२८।०० |
| १० | B2-7 | ३८७ | १०२११९२१९ | १६६।७८ | ९।७७ | ७ | उत्तर | ७८,६४३।०० | १३,११६,०८०।०० |
| ११ | B15-4 | ५१७ | १०२११९२२० | ११४।९४ | ६।७५ | ७ | उत्तर | ७८,६४३।०० | ९,०३९,२२६।०० |
| १२ | B17-2 | ४७० | १०२११९२१५ | १००।२९ | ६।०० | ८ | उत्तर | ८२,६२२।०४ | ८,२८६,१६४।०० |

क. म्यादभित्र दर्ता हुनआएका बोलपत्रहरू सोही दिन दिनको २ बजे आयोजना कार्यालयमा बोलपत्रदाता वा प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरूको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
ख. रित नपुगेका बोलपत्रहरूउपर कुनै कारबाही हुनेछैन ।
ग. विस्तृत जानकारी बोलपत्र फारमबाट प्राप्त गर्न सकिनेछ ।
ङ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार आयोजनामा सुरक्षित रहनेछ ।
च. यो सूचना र बोलपत्र फारममा उल्लेख भएका कुराहरू सोहीबमोजिम र अन्य कुराको हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

**आयोजना प्रमुख**

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा